मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न
- चीसोमा बाहिर ननिस्कौं,
- धुम्रपान र मद्यपान नगरौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,
आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ फागुन १४ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 26 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८२

## नेका, पर्सामा पनि गुटबन्दी देखियो

# महानगर, तीनवटा नपा र एउटा गापामा निर्वाचन हुँदै

प्रस, वीरगंज, १३ फागुन/

नेपाली काङ्ग्रेस पर्साको पालिकास्तरीय निर्वाचनको लागि शुक्रवार महानगर, नगर र ठोरी गाउँपालिकामा उम्मेदवारी दर्ता भएको छ। वीरगंज महानगर सभापतिको लागि तीनजनाको उम्मेदवारी परेको छ।


डा प्रमोद कुशवाहा — दीपेन्द्र चौहान — राधेश्याम चौरसिया — मणिन्द्रलाल श्रेष्ठ (नेपाली)


पर्सागढीमा काङ्ग्रेस सभापतिको लागि उम्मेदवारी दर्ता गराउँदै। तस्वीर:प्रतीक


ठोरीमा सदस्य पदमा निर्विरोध १३ जनालाई टीका लगाइँदै। तस्वीर: प्रतीक

दीपेन्द्र चौहान, राधेश्याम चौरसिया र मणिन्द्रलाल श्रेष्ठ (नेपाली)को उम्मेदवारी परेको निर्वाचन अधिकृत नरेन्द्र केसीले बताए। हिजो बिहीवारदेखि आज दिउँसो १ बजेसम्म उम्मेदवारी दर्ताको समयसीमामा डेढ घण्टा थप गरी अढाई बजेसम्म समय निर्धारण गरिएको थियो। वीरगंज महानगरको सभापतिमा धेरैजनाको नाम चर्चामा आए पनि अन्तिम समयमा तीनजनाले मात्र दर्ता गराएका छन्।

*बलिराम शुक्ला, बिरुवागुठी/*

पर्सागढी नगरपालिकामा तीनजना र बहुदरमाई नगरपालिकामा दुईजनाले सभापति पदमा उम्मेदवारी दिएका छन्। पर्सागढी नपाका निर्वाचन अधिकृत प्रदीपकुमार जयसवालले विश्वमोहन दास थारू, जङ्गबहादुर दास थारू र घनश्याम चौधरीले उम्मेदवारी दिएको बताए। पर्सागढी नपामा सभापति पदका लागि नौजना आकाङ्क्षी थिए। उनीहरूबीच सहमति हुन नसकेपछि छजनाले उम्मेदवारी दिएनन् र तीनजना चुनावी मैदानमा होमिएका छन्।

बहुदरमाई नपाका निर्वाचन अधिकृत अशोक साहले दुईजनाको उम्मेदवारी परेको बताए। डा प्रमोद कुशवाहा र रामानन्दराउत अहिरले उम्मेदवारी दिएका छन्।

*चिरञ्जीवी सापकोटा, ठोरी/*

ठोरी गापामा दुईजनाले सभापतिमा उम्मेदवारी दिएका छन्। रामकृष्ण पन्तले हिजो र मीनबहादुर (सन्तोष) श्रेष्ठले आज उम्मेदवारी दर्ता गराएका हुन्। एकजना सभापति, दुई/दुईजना उपसभापति, सचिव र सहसचिव तथा बाँकी सदस्य गरी ३२ पदमा निर्वाचन हुनेछ। ठोरीमा भने मीनबहादुर श्रेष्ठ पक्षधर १३ जना सदस्य निर्विरोध भएका छन्। यहाँ १९ पदको लागि निर्वाचन हुनेछ।

**निर्वाचनमा गुटबन्दी**

पर्सा जिल्लाको निर्वाचनमा पनि महाधिवेशनको रङ देखिएको छ। सभापति शेरबहादुर देउवा र पराजित शेखर कोइराला पक्षबाट उम्मेदवारी दर्ता भएको छ।

वीरगंज महानगरमा राधेश्याम चौरसियाले देउवा पक्षबाट र मणिन्द्रलाल श्रेष्ठले कोइराला पक्षबाट उम्मदेवारी दिएका छन्।

पर्सागढी नगरपालिकामा देउवा पक्षबाट विश्वमोहन दास थारू र कोइराला पक्षबाट घनश्याम चौधरीले उम्मेदवारी दिएका हुन्।

बहुदरमाईमा रामानन्दराउत अहिर देउवा पक्ष र डा प्रमोद कुशवाहा कोइराला पक्षका उम्मेदवार हुन्।

ठोरीमा मीनबहादुर (सन्तोष) श्रेष्ठ देउवा पक्षीय र रामकृष्ण पन्त कोइराला पक्षीय उम्मेदवार हुन्।

# मतदाता नामावली अद्यावधिकसम्बन्धी अन्तर्क्रिया

प्रस, वीरगंज, १३ फागुन/


तस्वीर: प्रतीक

जिल्ला निर्वाचन कार्यालय, पर्साको आयोजनामा सरोकारवालासँग मतदाता नामावली अद्यावधिक तथा दाबी/विरोधसम्बन्धी एक दिने अन्तर्क्रिया कार्यक्रम वीरगंजमा सम्पन्न भएको छ।

कार्यक्रममा स्थानीय तहका प्रमुखहरूले निर्वाचन कार्यालयले प्रस्तुत गरेको कार्यतालिकाको समय कम भएको भन्दै समय बढाउन माग गरेका थिए। एकैपटक चौधवटा पालिकामा कार्यतालिका सञ्चालन गर्नुभन्दा वडाबाट अद्यावधिक र दाबी/विरोध गरे जनतालाई सहज हुने बताए।

निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार फागुन १९ गते अद्यावधिकको सूचना सङ्कलन गर्ने, २० देखि २६ गतेसम्म अद्यावधिकको म्याद तोकिएको निर्वाचन प्रमुख रञ्जीता झाले जानकारी गराइन्। १४ वटा पालिकाबाट आफ्नो नाम हेर्न मिल्ने तर दाबी/विरोध र सच्याउने काम निर्वाचन कार्यालयबाट हुने बताइन्। अद्यावधिक अन्तर्गत त्रुटि सच्याउने, दोहोरो नाम, बसाइँसराइ, मृत्यु वा आरोप-प्रत्यारोप लागेका व्यक्तिहरूमाथि दाबी विरोध गर्ने प्रमाणसहित निवेदन पेश गर्नुपर्ने उनले बताइन्। प्रमुख जिल्ला अधिकारी उमेश ढकालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा १४ वटा पालिकाका प्रमुख/प्रतिनिधि, सुरक्षा निकाय, राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मीहरूको सहभागिता थियो।

# विकृति नहटेसम्म सुन्दर समाजको निर्माण नहुने- प्रजिअ

प्रस, वीरगंज, १३ फागुन/

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले समाजमा विकृति नहटेसम्म सुन्दर समाजको निर्माण नहुने बताएका छन्।

सामुदायिक सेवा केन्द्र, मुर्लीको आयोजना र जिल्ला प्रहरी कार्यालय, पर्साको सहयोगमा चिल्ड्रेन वर्ल्ड माविमा आयोजित लागूऔषध र साइबर क्राइम विषयक अन्तर्क्रिया कार्यक्रममा प्रजिअ ढकालले लागूऔषध र साइबर क्राइमका कारण अधिकांश अभिभावक पीडित भएको बताए। प्रजिअ ढकालले समाज सुधार्न विद्यार्थीहरू आवश्यक भएकोले विद्यार्थीहरूबाटै यो कार्यक्रम अगाडि बढ्न सक्ने बताए।

प्रहरी उपरीक्षक रमेश बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेललगायतले मन्तव्य व्यक्त गरेका थिए। सामुदायिक सेवा केन्द्र, मुर्लीका अध्यक्ष राम सर्राफको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कुलनारायण (दिलीप) प्रधानले गरेका थिए।


तस्वीर: प्रतीक

# पर्सामा मोटरसाइकल चोरीको घटना बढ्यो

प्रस, वीरगंज, १३ फागुन/

पर्सा जिल्लामा मोटरसाइकल चोरीका घटना बढेको छ। जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले पुसदेखि फागुन ११ गतेसम्म मोटरसाइकल चोरीका घटनामा ४५ जना पक्राउ परेको, ३३ वटा मोटरसाइकल बरामद भएको र २९ वटा उजुरी दर्ता भएको बताए।

यसैगरी, लागूऔषधमा ७७ वटा मुद्दा दर्ता भएको, तीनजना महिलासहित सयजना मानिस पक्राउ परेको र गाँजा ३११ किलो, चरेस १३ किलो, ब्राउनसुगर २५ ग्राम, अफिम साढे ९ किलो, फेनारगन तीन हजार १३७ थान, डाइजीप्याब दुई हजार ३६ थान, नुर्फिन २३६ थान, नाइट्रोभ्याट तीन हजार २९६ थान र कोरेक्स ४०९ बोतल बरामद भएको बताए।

उनले तीन महीनामा करीब तीस बिघा गाँजाखेती फँडानी गरेको जानकारी गराए।

यसैगरी, हुन्डीको कारोबारमा दुईवटा मुद्दा दर्ता भएको र चारजना मानिससहित २४ लाख ५४ हजार रकम बरामद गरिएको प्रवक्ता खनालले बताए। प्रहरीले तीन महीनाको अवधिमा १९ जना महिला, आठजना बालक, ३३ जना बालिका गरी सीमानाकाबाट ६० जनाको उद्धार गरिएको जानकारी गराए। यो अवधिमा पाँच करोड ४३ लाख बराबरको तस्करीका सामान बरामद गरी भन्सार तथा राजस्व कार्यालयमा दाखिला गरिएको उनले बताए। आठवटा ट्रक, छवटा मोटरसाइकलसहित भन्सार छलीका विद्युतीय सामग्री, मोटरपार्ट्स, लत्ताकपडा, किराना सामान नियन्त्रणमा लिएर कारबाई गरिएको उनले जनाए।

यसैगरी, १४ वटा अवैध घरेलु मदिराभट्टी तोडफोड गरिएको, एक हजार ७५ लिटर तयारी घरेलु मदिरा र १२ हजार ३६० लिटर कच्चा मदिरा नष्ट गरिएको बताए। चारवटा मोटरसाइकल, सातवटा मदिरा बनाउने मेशिन र ११ थान भाँडाबर्तन बरामद गरिएको उनले बताए।

प्रवक्ता खनालले यो अवधिमा ५५ जना फरार व्यक्तिलाई पक्राउ गरिएको र २३ वर्ष ३१ महीना कैद र एक लाख ९५ हजार ६३४ रुपैयाँ जरिवाना असुल गरेको बताए। तीन महीनामा ४५ वटा शीर्षकमा जिप्रका, पर्सामा ८६७ वटा मुद्दा दर्ता भएको र ८५६ जना पुरुष, २७ जना महिला गरी ८६३ जना अभियुक्तविरुद्ध अनुसन्धान भइरहेको बताए।

## जग्गा बिक्रीमा

सिमराजीतपुर नपा नरबस्ती (साबिक पिपरासिमरा-२ घ) कित्ता नं. ४०७ को पूर्व-पश्चिम मोहडा २५ फिट र उत्तर-दक्षिण लम्बाइ ६० फिट भएको ८ धुर घडेरी तुरुन्त बिक्रीमा छ।
सम्पर्क- ९८५११२५३२७, ९८४५०३३३२५

## हार्दिक श्रद्धाञ्जलि



जन्म: २०३३/११/०८
स्वर्गारोहण: २०७८/११/०५

**स्व. राजेश खरेल**

अम्बे समूहका सदस्य तथा रिद्धिसिद्धि सिमेन्टका सञ्चालक **श्री राजेश खरेल**ज्यूको अल्पायुमैं असामयिक निधन भएको आज १०औं दिनको यस दुःखद घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति श्री पशुपतिनाथले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।
आफ्नो कार्यप्रति उहाँको निष्ठा र अतुलनीय निस्स्वार्थ समर्पण सदैव स्मरणीय रहनेछ।

अम्बे सिमेन्ट प्रा. लि. परिवार

### विचारसार र सूक्तिहरू

**जो अभिवादनसील हुन्छ, उसले सधैं ठूलाको सेवा गर्छ, उसको आयु, बुद्धि तथा बलमा वृद्धि हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

# रासायनिक मलको समस्या

**नेपाली किसानलाई जहिले पनि रासायनिक मलको अभाव छ । अहिले उखु रोप्ने बेला छ, मल पाइरहेको छैन । धान रोप्ने बेला त्यस्तै हाहाकार । गहुँ, मकैको खेतीमा पनि समस्या जस्ताको त्यस्तै । मुलुकका झन्डै दुई तिहाइ मतदाता किसान हुन् । चुनाव जितेर जाने नेताहरू पनि किसानकै सन्तान हुन् । हिजोका दिनमा शाहवंशीय राजाको टाउकोमा दोष थोपर्न पाइन्थ्यो, आज त्यो अवस्था छैन । व्यवस्था परिवर्तनको बेला रगत बगाउने किसान अनि तिनकै छोराछोरी थिए । भूमिगत युद्धको भट्टीमा ऊर्जा बनेर क्रान्तिलाई रापिलो, तापिलो बनाउनेमा सयका सय नै किसान थिए भन्न सकिन्छ । औद्योगिकीकरणको प्रारम्भिक कालमा रहेको हाम्रो मुलुकमा मजदूर, युवा, विद्यार्थी जो पनि परिवर्तनको पक्षमा थिए, उनीहरू पेशागतरूपमा फरक देखिए पनि आधार कृषि नै हो । विशुद्ध औद्योगिक मजदूर वा कर्मचारी मात्रै रहेका र सोही पेशाबाट परिवारको भरणपोषण गर्न पुग्ने सङ्ख्या एक दशक पहिलेसम्म मुलुकमा अति न्यून थियो । त्यो अवस्थामा परिवर्तनका लागि भएका हरेक युद्ध, विद्रोह, सङ्घर्ष, आन्दोलनहरूमा किसानको सपना थियो । सपनाले साकार रूप पाउनुको सट्टा आज स्थिति झन् दयनीय बन्दैछ । कृषिबाट पलायन हुनेको सङ्ख्या बढ्दो छ । कृषियोग्य उर्वर भूमि बाँझिदैछन् ।**

**आधुनिक कृषि कर्मको मूल आधार मल, बीउबिजन, सिंचाइ र दक्ष श्रम हो । यसको लागि सरकारले कुनै आकाश–पहाड फोड्नुपर्दैन । अनुदान नदिने हो भने पैसा तिरेर किन्न पनि किसान तयार छन् तर समयमा पाउनुपर्‍यो । धान रोपिसकेपछि सरकारले उन्नत धानको बीउ वितरण गर्‍यो । यस वर्ष गहुँ छरेको एक महीनापछि गहुँको उन्नत बीउ वितरण भयो । पर्साका अधिकांश पालिकाको यही अवस्था छ । असारको बेला हरेक वर्ष मधेसमा डिजेलको अभाव हुन्छ । इन्धन नपाए खेत जोत्न ट्याक्टर चलाउन सकिंदैन । यसो हुँदा समयमा बाली लगाउन पाईंदैन । कृषकको यो समस्या पालिकादेखि सङ्घसम्म देशका कुन नेतालाई थाहा छैन र । थाहा भएर नै उनीहरू यसमा रमाइरहेका छन् । कम्तीमा कृषि कर्ममा प्रयोग हुने सामग्रीमा जनताका प्रतिनिधिले भ्रष्टाचार नगरिदिए हुन्थ्यो ।**

**मल ल्याउने टेन्डर प्रक्रियामा सधैं विलम्ब हुन्छ । सत्तासीनहरूले कमिशन र पहुँचको भरमा क्षमताहीन कम्पनीलाई आपूर्तिको ठेक्का दिंदा उसले समयमा मल आयात गर्न सक्दैन । मुलुकमा मल आयातकर्ताको एकाधिकार प्रणाली रहेकोले जति विलम्ब गरे पनि ठेकेदारलाई घाटा छैन । किनकि ढिलोचाँडो उसको मल खपत हुन्छ नै । समयमा नपाउँदा किसानले भने घाटा सहिरहेका हुन्छन् । कृषकलाई घेराबन्दीमा पारेर सरकारले ठेकेदार पालिरहेको छ । कतिसम्म भने भारत सरकारले भारतीय जनताका लागि दिएको मल सीमावर्ती क्षेत्रका नेपाली कृषकहरूले पनि लुकीचोरी पाउने गरेका थिए । त्यसैगरी, सहुलियतविनाका भारतीय मलहरू पनि नेपाली किसानले नेपालमा भन्दा सस्तोमा पाउन सक्छन् । तर नेपाल सरकारले प्रतिबन्ध लगाएको छ । रासायनिक मलको भन्सार हुँदैन, सरकारले केवल गुणस्तरहीन मल भन्ने बहानामा भारतीय मल जफत गर्छ । यसरी जफत गरिएका मलको ल्याब टेस्ट गर्दा गुणस्तरहीन पाइएको छैन । बरु सरकारले त्यही मल लगेर अन्यत्र खपत गरेको पाइन्छ ।**

# दलाल पूँजीवादी व्यवस्था जनतामैत्री हुनै सक्दैन

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**हामीलाई बेरोजगार बनाएर विदेशमा मर्नको लागि भिसा बाँडिरहनेछ । विदेशबाट आउने विप्रेषण र देशभित्रै हामीसँग उठाइने प्रत्यक्ष–अप्रत्यक्ष विभिन्न प्रकारका करहरूको बोझले हामीलाई निस्सासिएर मर्न बाध्य गरिरहनेछ तर त्यसबापत राज्यले हामीलाई कुनै प्रकारको सुविधा सहयोग दिनेछैन ।**

पश्चिमा देशहरूले पूँजीवादी व्यवस्थालाई बडो प्रजातान्त्रिक व्यवस्थाको रूपमा परिभाषित गर्दै आएका छन् । उनीहरूले यसलाई विद्यालय तथा विश्वविद्यालयको पठनपाठनको लागि तयार पारिएको पाठ्यक्रममै दशकौंदेखि राख्दै निरन्तर पढाउँदै आएपछि प्रजातन्त्र भनेको जनताद्वारा जनताको लागि जनताको सरकार नै हो जस्तो लाग्नु स्वाभाविक पनि हो । जबकि प्रत्येक देशमा जहाँ आवधिक निर्वाचनद्वारा कथित प्रजातान्त्रिक अभ्यास अन्तर्गत जनताको नाउँमा शासन गरिन्छ, त्यहाँ विभिन्न प्रभावमा र दबाबमा पारिएका मतदाताहरूको मतबाट चुनिएपछि तिनै प्रतिनिधिहरूले आफ्नै मनमौजी हिसाबले सम्पूर्ण अवधि कार्य गरेको देखिन्छ । त्यही अवधिमा यदि सरकारमा रहेका जनप्रतिनिधिहरूलाई जिताएर पठाउने लाखौं किसान, मजदूर, बुद्धिजीवी वा अन्य कुनै पेशा व्यवसायका जनसमुदायले आफूहरूमाथि पर्ने पीरमर्का समाधानको लागि शान्तिपूर्ण आन्दोलन गर्छन् । त्यतिखेर तिनै जनप्रतिनिधिहरूले जनतामाथि निरन्तर दमन गर्ने गरेको इतिहास तथा वर्तमानमा सबैले देखेको र भोगेकै छन् ।

प्रसङ्ग एमसिसी सम्झौताकै लिउँ । हामी सबैलाई थाहा भएकै विषय हो, हाम्रो संसदीय अभ्यासमा लागेका सबै पार्टी चाहे त्यो कथित कम्युनिस्ट पार्टी होस् अथवा काङ्ग्रेस पार्टी वा मधेसवादी । यिनीहरूसँग नेताहरूको व्यक्तिगत समृद्धिबाहेक जनताको लागि केही विषयवस्तु नै छैन । हाम्रो सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मुख्य उद्देश्य नै नेताहरूलाई धनाढ्य बनाउने हो । वास्तवमा पूँजीवाद भनेकै पूँजीको केन्द्रीकरण हो । हालै प्रकाशित पश्चिमाहरूको एक सर्भे अनुसार विश्वको ९० प्रतिशत सम्पत्ति केवल दुई प्रतिशत मानिसको हातमा छ । यस्तोमा तपाईं हामीले जति धर्म–कर्म, पूजापाठ र लाहुरेदेखि खाडीसम्म पुगेर धन जोड्ने प्रयास गरे तापनि वास्तवमा के हामी गरीब तथा मध्यमवर्गीय व्यक्तिहरू कहिले पनि दलाल पूँजीवादले ओछ्याएको जालबाट बाहिर निस्किन सक्छौं ?

यसको उत्तर नकारात्मक नै आउँछ । हाम्रो राज्यका हर्ताकर्ताहरूले घिच्रो सुक्ने गरी कराइरहेको देशको समृद्धि तथा जनताको सुख के दलाल पूँजीवादी व्यवस्थामा सम्भव छ त ? यसको पनि उत्तर नकारात्मक नै छ । राज्यले सबै आधारभूत नैसर्गिक कुराहरूबाट हात झिक्दै जाने, सबै कुरामा निजी क्षेत्रको पकडलाई बलियो पार्दै लग्ने अनि भन्ने बेलामा समृद्ध नेपाल सुखी नेपालीको नारा दिने यस्तो व्यवहारले हामीलाई खाडीमा नपुर्‍याए कहाँ पुर्‍याउँछ त ?

संविधानभित्र शिक्षा, स्वास्थ्य, सञ्चार, रोजगार जस्ता विषयलाई जनसरोकारको विषयको रूपमा परिभाषित गर्ने, सबैको पहुँच यस क्षेत्रमा बढाउने भन्ने तर उपरोक्त प्रत्येक क्षेत्रमा सरकारी निकायलाई उदासीन, पङ्गु बनाएर निजी क्षेत्रलाई बलियो बनाउने ऐन कानूनहरू पास गर्दै लगेपछि कसरी देश समृद्ध बन्छ त ? नेपालीहरूलाई सुखको सपना देखाएको सयकडौं वर्ष बितिसकेको छ तर आजसम्म भनिएको सपना न त राजाले, न काङ्ग्रेसले वा न त कम्युनिस्टले कसैले पनि पूरा गर्नेतर्फ पाइला चाल्ने कुरा त परै जाओस् चासोसमेत राखेको आजसम्म पाइएको छैन । संविधानमा लेखिएको शान्तिपूर्ण भेला, विरोध प्रदर्शन गर्न पाउने अधिकारको प्रयोग गर्दा उल्टै राज्यले रबरको गोली टाउकोमा ताकेर हानिरहेको बानेश्वरको घटनाबाट हामीले के शिक्षा लिने ? वर्तमान सरकार नेपाली जनताको प्रतिनिधि हो अथवा अमेरिकी दलाल पूँजीपतिहरूको ?

त्यसैले अब हामी जनता यस भ्रमबाट मुक्त हुन एकदमै जरुरी छ कि हाम्रो देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र छ । यो केवल भन्नको लागि मात्रै हो । जसरी हिजोआज सबै सरकारी कार्यालयमा 'म भ्रष्टाचार गर्दिनँ र भ्रष्टाचार हुन दिन्नँ' भन्ने नारा लेखिएको ठूलठूलो होर्डिङ बोर्ड झुन्डिएको देखिन्छ, तर त्यही कार्यालयमा विनाघूसको कुनै काम हुँदैन । हो, ठीक त्यसैगरी वर्तमानको हाम्रो शासनप्रणाली दलाल, पूँजीवादी हो । यसले हाम्रो सम्पूर्ण उत्पादनलाई क्रमशः दलाल पूँजीपतिको हितको लागि बन्द गर्दै लग्नेछ । हामीलाई बेरोजगार बनाएर विदेशमा मर्नको लागि भिसा बाँडिरहनेछ । विदेशबाट आउने विप्रेषण र देशभित्रै हामीसँग उठाइने प्रत्यक्ष–अप्रत्यक्ष विभिन्न प्रकारका करहरूको बोझले हामीलाई निस्सासिएर मर्न बाध्य गरिरहनेछ तर त्यसबापत राज्यले हामीलाई कुनै प्रकारको सुविधा सहयोग दिनेछैन । वा अहिलेसम्म दिइरहेको पनि छैन ।

अतः हामीले यस दलाल पूँजीवादी व्यवस्थाको मुख्य चरित्र र प्रवृत्तिलाई बुझ्नुपर्छ । आगामी जेठ महीनामा चुनावको मिति घोषणा गरिएको छ । अनेक बहाना बनाएर उक्त चुनाव यिनीहरूले सार्न पनि सक्छन् । यदि निर्धारित मितिमै चुनाव भइहाले पनि तपाईं हामी कल्पना गरौं हाम्रोअगाडि विभिन्न राजनीतिक दलबाट चुनावी टिकट लिएर आउने सदस्यहरू के कस्ता छन् ? के उनीहरू गरीब परिवारका हुन् ? हाम्रो देशमा सत्तरी प्रतिशतभन्दा बढी मानिस गरीब छन् तर ती गरीब जनताको प्रतिनिधिको रूपमा उभिएका नगरप्रमुख, उपप्रमुख, वडाध्यक्ष, प्रदेशसभा सदस्य तथा सङ्घीय सांसदका उम्मदेवारहरू अधिकांश माफिया हुने गर्छन् । अनि यस्ता माफियाको बीचको लडाइँमा कसले बढी पैसा बाँड्ने, मासु खुवाउने, डन्डा चलाउने, दलाली गर्ने जस्ता कुराको आधारमा जीत–हार सुनिश्चित हुन्छ । यस्तोमा भूलचूकले अपवादको रूपमा वा देखावाको लागि नमूनाको रूपमा कुनै गरीब पनि एकाध जिति नै हाले पनि उसले लाखौं कागहरूको बीचमा बिचरा एउटा सेतो बकुलाले के गर्न सक्छ ? गरीब, श्रमिक तथा उत्पीडित समुदायको हितमा चुनावमा जित्ने माफियाहरूले केही गर्ला यस्तो सोच्नु भनेको 'गोरु ब्याउँला र दूधभात खाउँला' भन्नुजस्तै हो । हो, यही मुख्य कारण हो जसले गर्दा राजा हुँदा पनि नहुँदा पनि, कम्युनिस्ट हुँदा पनि नहुँदा पनि अथवा काङ्ग्रेस हुँदा पनि वा नहुँदा पनि जनताको जीवनमा आजसम्म कुनै देखिने गरी परिवर्तन हुन सकेको छैन । किनकि देशमा बाहल रहेको दलाल पूँजीवादी व्यवस्था जनतामैत्री हुनै सक्दैन । यो जहिले पनि माफियामैत्री मात्रै हुन्छ ।

# नोटबाटै बन्छ अब नेपालमा ब्रिकेट

काठमाडौं, १३ फागुन/रासस

तपाईंले जाडोको समयमा ब्रिकेट बालेर ताप्नुभयो ? खाना पकाउन वा अरू घरायसी प्रयोजनका लागि ब्रिकेट त अवश्य नै बाल्नुभयो होला तर नोटबाट पनि ब्रिकेट बन्छ भन्ने तपाईंले थाहा पाउनुभएको छैन होला ।

यस्तै, तपाईंलाई नोटबाट बनेको ब्रिकेट बालेर आगो ताप्ने मन छ ? यदि मन छ भने तपाईंले नोटबाट बनेको ब्रिकेट बाल्न पाउनुहुने भएको छ ।

यो समाचार झट्ट पढ्दा पत्यार नलाग्न सक्छ ! तर यो गलत समाचार होइन । पुराना भएका र धुल्याउने क्रममा पुगेका नोटको व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकले ब्रिकेट बनाउने भएको छ । केन्द्रीय बैंकले विराटनगर कार्यालयमा बिएसबिएसको शुभारम्भ गरेको छ । नोट धुल्याउने कार्यलाई आधुनिकीकरण र यान्त्रीकरण गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको छ । केन्द्रीय बैंकले त्यसलाई बैंक नोट स्रेडिङ एन्ड ब्रिकेटिङ सिस्टम (बिएसबिएस)को नाम दिएको छ ।

नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयमा पुराना नोटलाई धुल्याएर ब्रिकेट बनाउन थालिएको छ । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले आज सो कार्यको औपचारिक शुभारम्भ गरे ।

गभर्नर अधिकारीले बिएसबिएस मेशिनको 'स्वीच अन' गरेर यसको शुभारम्भ गरेका केन्द्रीय बैंकले जनाएको छ । चलनचल्तीको निम्ति अयोग्य ठहरिएका नोटलाई जलाएर नष्ट गरिंदै आइएकोमा बिएसबिएस मेशिनको प्रयोगमार्फत ससाना टुक्रा बनाउने र स्वचालित प्रविधिबाट ब्रिकेट उत्पादन गरिनेछ । नेपालमा नोट व्यवस्थापनका लागि नयाँ प्रणाली अवलम्बन गरिएको हो ।



बिएसबिएस मेशिनको 'स्वीच अन' गरेर यसको शुभारम्भ गर्दै गर्भनर । तस्वीरः रासस

गभर्नर अधिकारीले बैंकको कार्यसम्पादनलाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यले बिएसबिएसको सुरुआत एउटा महत्त्वपूर्ण उपलब्धि भएको बताए । बिएसबिएसमार्फत तयार गरिने ब्रिकेट प्रयोगको सम्भावित क्षेत्रबारे अध्ययन भइरहेको राष्ट्र बैंकले जनाएको छ । बिएसबिएसलाई व्यवस्थित तुल्याउन नोट धुल्याउने नियमावली संशोधन र यससम्बन्धी कार्यविधि तर्जुमाको प्रक्रिया अन्तिम चरणमा पुगेको गभर्नर अधिकारीले जानकारी दिए ।

कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले अयोग्य नोट धुल्याउन बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्थाबारे चर्चा गर्दै बिएसबिएसको सञ्चालन प्रक्रिया नेपालका लागि नयाँ भएको बताए । त्यस अवसरमा कोष तथा लेखा नियन्त्रकको कार्यालय, मोरङका प्रमुख परशुराम नेपालले बिएसबिएसको प्रयोगले नोट धुल्याउने पद्धतिलाई आधुनिक बनाएको धारणा राखे ।

बिएसबिएस मेशिनले कटन, पोलिमरलगायत सबै किसिमका बैंक नोटका प्याकेट र बन्डललाई टुक्र्याएर ब्रिकेट तयार गर्दछ । उक्त मेशिनमा दुईवटा खण्ड रहन्छन् । पहिलो खण्डले नोटलाई टुक्र्याउने कार्य गर्छ भने दोस्रो खण्डले टुक्र्याइएको नोटबाट ब्रिकेट तयार गर्छ ।

उक्त मेशिनमा एकपटकमा २०० किलोसम्म बैंक नोट राख्न सकिन्छ र मेशिनले प्रतिघण्टा १०० किलो नोटलाई टुक्र्याउने क्षमता राख्छ । यस्तो टुक्राको औसत आकार ६x६ मिलिमिटर हुनेछ । यसरी टुक्र्याइएको नोटलाई प्रतिघण्टा २०० किलोको दरले प्रशोधन गरी ब्रिकेट तयार गर्न सकिन्छ । बिएसबिएस मेशिनलाई प्रतिवर्ष एक हजार घण्टासम्म सञ्चालन गर्न सकिन्छ ।

यस्तो ब्रिकेट इँटाभट्टा, कागज कारखाना, कोइला प्रयोग गरिने उद्योगसँगै घरायसी प्रयोजनसमेतमा उपयोगी हुने विश्वास लिइएको छ । थापाथलीस्थित बैंकको निर्माणाधीन भवनसँगै विराटनगर, जनकपुर, वीरगंज, पोखरा, सिद्धार्थनगर, नेपालगंज र धनगढी कार्यालयमा उक्त प्रणाली जडान गरी सञ्चालनमा ल्याउने बैंकको योजना छ । ती मेशिन नेदरल्यान्डबाट आयात गरिएको हो ।

बिएसबिएसमार्फत नोट धुल्याउने पद्धतिलाई नीतिगतरूपमा व्यवस्थित गर्ने गरी नोट धुल्याउनेसम्बन्धी प्रचलित नियमावलीमा आवश्यक संशोधन गर्ने प्रक्रियासमेत अघि बढाइएको छ । सञ्चालनमा ल्याइएको बिएसबिएस प्रणाली वातावरणीय दृष्टिले समेत उपयोगी हुने अपेक्षा राखिएको छ ।

## आगलागीबाट २० लाखको क्षति

मलङ्गवा, १३ फागुन/रासस

सर्लाहीको हरिपुर नगरपालिका–८ ठूलो जगतपुरस्थित एक क्रसर उद्योगमा आगलागी हुँदा रु २० लाख बराबरको क्षति भएको छ । सिटी विनायक एग्रिगेट क्रसर उद्योगमा गएराति विद्युत् सर्ट भई आगलागी हुँदा अलकत्रा मिसाउने मेशिन जलेर रु २० लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ । स्थानीय र प्रहरीको सहयोगमा आगो नियन्त्रणमा लिएपछि थप क्षति हुनबाट जोगिएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी निरीक्षक कृष्ण गिरीले जानकारी दिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७८ फागुन १४ गते शनिवार | 2022 February 26 Saturday



# दुई नम्बरी अन्याय


व्यङ्ग्यम्



सञ्जय मित्र

mitrasanjay41@gmail.com


**तर दुई नम्बर सदैव उही रहँदैन । कुनै विशेष परिवेशमा एक नम्बरभन्दा दुई नम्बरले बढी माया पाउँछ । पत्याउनुभएन ? एक नम्बर पत्नीभन्दा दुई नम्बर पत्नीले बढी माया पाउँछिन् कि पाउँदिनन् ? एक नम्बर पतिभन्दा दुई नम्बर पतिले नैसर्गिकरूपमैं बढी प्रेम पाउँछन् ।**

म जन्मजात दुई नम्बरी हुँ । माता–पिताको गर्भबाट मेरो जन्मको रोल नम्बर दुई हो अर्थात् म माहिलो हुँ । माहिलो हुनु जन्मजात दुई नम्बरी हुनु हो तर एउटा मात्र दुई नम्बरले दुई नम्बरी हुँदैन । म जन्मेको वडा नम्बर पनि दुई नै हो । यसले मलाई असली दुई नम्बर बनाएको छ । र जब मेरो प्रदेश दुई नम्बर भयो, तब म राष्ट्रियस्तरको दुई नम्बरी हुन पुगें । कतिपयले यसलाई प्रादेशिक दुई नम्बरी भन्दथे । वास्तवमा प्रदेशस्तरको दुई नम्बरी हुनु गर्वको विषय हो र राष्ट्रियस्तरको दुई नम्बरी हुन पाउनु त झन् गौरवको पक्ष हो ।

म दुई नम्बरको वंश हुँ भन्न चाहिं साँच्चै नै लाज लाग्छ । हुनत मजस्ता अरू थुप्रै बुद्धिवाल जन्मजात दुई नम्बरी हुनुहोला, तीन नम्बरी र चार नम्बरी पनि हुनुहोला तर आत्मरतिको मपाईंत्वले आफूलाई एक नम्बरीमैं दरिराख्नुभएको होला । हरेक पहेंलोले आफूलाई सुनकै भ्रम पालेको जस्तो ।

म एक नम्बरमा जन्मन्छु वा म दुई नम्बरमा जन्मन्छु भनेर कतै कोही चाहेर जन्मेका हुन् त ? आफूलाई एक नम्बरी ठान्नेहरूमध्ये कतिपयले यसरी नाक फुलाउँछन् कि आफ्नो कर्मले एक नम्बरी जन्मेका हुन् । जुन कुरामा आफ्नो कुनै अधिकार छैन, कुनै कर्म छैन ।

वंशजको नाताले दुई नम्बरी विशिष्टताधारी म आफूलाई यस नाताले पारिवारिक दुई नम्बरी भन्ठान्थें । पालिकास्तरको दुई नम्बरी पनि हुँ । अहिले पालिकाको दुई नम्बरी मात्र होइन, म जन्मँदा पनि मेरो जन्मघर अडेको जमीन तत्कालीन दुई नम्बर वार्डमा थियो । यसरी म मौलिक दुई नम्बरी हुँ । म स्थायी दुई नम्बरी हुँ । अल्पकालीन र अस्थायी दुई नम्बरी त प्रादेशिक दुई नम्बरी थियो, जुन आयातीत थियो ।

मेरो दुई नम्बरी गाउँमा एउटा टुक्का प्रचलित छ– माझिल होखले फाजिल । अर्थात् माइलो फाजिल हुन्छ । बुबाआमाको माया पनि नपाउने र किरिया–कर्म पनि बोक्न नहुने । बुबा आमाले कि त जेठोलाई मान्छन् कि त कान्छोलाई । बीचमा माइलो त घरको न घाटको हुन्छ । जब धर्मले नै किरिया कर्ममा दुई नम्बरीमाथि विभेद गरेको छ भने बुबाआमाले त धर्मलाई नै मानेर माइलोलाई माया नगर्दा पनि हुन्छ भन्ने विचार गरेर समाजले उक्त टुक्काको आविष्कार गरेको हुनुपर्छ ।

बुबाआमाले नै माया नगर्ने दुई नम्बरलाई कसले पो माया गरोस् । एक दिन मैले विचार गर्दै गएँ कहाँ कहाँ दुई नम्बरीले माया पाएको छैन ? कतै दुई नम्बरीको कुनै सङ्गठन बनिहाल्छ कि ? पहिलो झोक्कामा सबैभन्दा बढी अन्याय त दुई नम्बरमाथि नै भएको पाएँ । दुई नम्बरलाई किन हेपिन्छ भन्ने कुराको रहस्य मैले पत्तो लगाएँ । साँच्चै एक नम्बरमा गर्व हुने, दुई नम्बर भनेपछि नाक नै खुम्च्याउने तर तीन, चार, पाँच आदि कुनै नम्बरप्रति वितृष्ण बीउ नउम्रिने किन हुँदोरहेछ भन्ने कुरो मैले पत्तो लगाइछाडेको छु । आखिर दुई नम्बरीले दुई नम्बरलाई हेपिने रहस्य पत्ता नलगाए कसले लगाउँछ ? सर्पले नै सर्पको खुट्टो देख्छ भनेझैं एउटा दुई नम्बरीले दुई नम्बरी हुनुको पीडा कहाँ कहाँ छ भनेर बताउन सक्छ ।

परम्परादेखि नै दुई नम्बरमाथि अन्याय भएको छ । दुई नम्बरमाथि भएको अन्यायलाई सगोलमा दुई नम्बरी अन्याय भनिएको हो । विचार गर्नुहोस् त, एकपछि दुई आउँछ र दुईपछि तीन तर दुईले जति हेला र अपमान तीनले किन पाउँदैन ?

नघुमाइ भन्नुपर्दा, एकको एघार, एक्काइस, एकतीस... एकानब्बे हुन्छ । तीनको तेरह, तेइस, तेत्तीस, त्रिचालीस... त्रियानब्बे हुन्छ । अनि यसैगरी चार, पाँच, छ, सात सबैको मिल्ने हुन्छ तर दुईमाथि कत्रो अन्याय ? विचार गर्नुभएको छ ?

एक र एक एकै ठाउँमा लेख्दा एघार, एक र तीन एकै ठाउँमा लेख्दा तेऱ्ह भएजस्तै एक र चार चौध, एक र पाँच पन्ध्र, एक र छ सोऱ्ह, एक र सात सत्र, एक र आठ अठार हुन्छ । यसैगरी, दुई र एक एक्काइस हुन्छ तर जहाँ पनि दुई नम्बरसित किन अन्याय ? एक र एक एघार तथा एक र तीन तेऱ्ह भएजस्तै एक र दुई दुऱ्ह हुनुपर्ने हो कि होइन ? अनि दुई र एक दुईस हुनुपर्ने हो कि होइन ? किन बाऱ्ह र बाइस ? किन बत्तीस ? तीन र दुई दुत्तीस हो । चार र दुई दुआलीस किन होइन ? कसरी चार र दुई बयालीस ? पाँच र दुई बाउन्न कसरी ? पाँच र दुई त दुईन्न हुनुपर्ने होइन र ?

यसैगरी, छ र दुई बासट्ठी वा बैसट्ठी भनेर यसमा पनि दुईलाई दुई नम्बरी भनेको हो कि ? दुसट्ठी किन नभनेको होला ? सात र दुई दुहत्तर हुनुपर्ने हो, बहत्तर कुन रीतिले ? आठ र दुई दुरासी हो, बयासी होइन । तथा नौ र दुई बयानब्बे रे, दुरानब्बे होइन ?

दुई नम्बर भनेर जहाँतहीं वा जसरी पायो त्यसरी नै हेपेको मात्र हो । दुई नम्बरीलाई हेप्नेहरूलाई लाग्ला यो दुई नम्बरीले दुई नम्बरी कुरो गरेको छ तर वास्तवमा एक नम्बर असली हो भने यो एक नम्बरी कुरो हो कि दुई नम्बरीले सम्मान पाउनुपर्छ । दुई नम्बरीले सम्मान पाउने सुरुआत दुई नम्बरले पनि पहिले पाउनुपर्छ । अनि दुई नम्बरको सामानको होइन कि समान सम्मानको लागि अबदेखि बाऱ्हलाई दुऱ्ह, बाइसलाई दुईस, बत्तीसलाई दुईस, बयालीसलाई दुआलीस, बाउन्नलाई दुइन्न, बासट्ठीलाई दुसट्ठी, बहत्तरलाई दुहत्तर, बयासीलाई दुरासी तथा बयान्नब्बेलाई दुरान्नब्बे घोषणा गर्दछु । दुई नम्बरीले दुई तिहाइले गरेको घोषणा हो ।

फेरि भन्नुहोला यो दुई नम्बरीलाई कसरी त्यसरी नामकरण गरिस् ? कुनै ऐतिहासिक, सांस्कृतिक आधार छ ?

म भन्छु– छ । ऐतिहासिक तथा सांस्कृतिक आधार पनि छ र समानताको समावेशी आधुनिक आधार पनि छ । हेर्नुस् त संस्कृतमा के भनिन्छ ? संस्कृत भाषामा दुईलाई कतै हेपिएको छैन । एकदेखि सयसम्म गन्दा वा भन्दा द्वादश, द्वाविंश, द्वात्रिंश, द्विचत्वारिंश, द्विपञ्चाश, द्विषष्टितम, द्विसप्ततितम, द्वयशीतितम र द्विनवतितम भनिएको पाइन्छ । अब भन्नुस् त, ऐतिहासिक तथा सांस्कृतिक आधार छ कि छैन ?

आजभोलि चलिरहेको अत्याधुनिक अङ्ग्रेजीलाई पनि हेरौं । अङ्ग्रेजीमा पनि टुवेल्भ, टुवेन्टी टू, थर्टी टू, फोर्टी टू, फिफ्टी टू, सिक्सटी टू, सेभेन्टी टू, एटी टू र नाइन्टी टू हुन्छ कि हुँदैन ?

इतिहासलाई नबुझ्ने, संस्कृतिलाई नबुझ्ने तथा आधुनिकतलाई अङ्गीकार नगर्ने दुई नम्बरी हो कि ? दुई नम्बरले सबैलाई सम्मान गर्ने भएर दुई नम्बरलाई सम्मान गर्न अरूलाई अपमानबोध भएको हो ? दुई नम्बर र दुई नम्बरीले बुझ्न नसकेको हुनुपर्छ ।

तर दुई नम्बर सदैव उही रहँदैन । कुनै विशेष परिवेशमा एक नम्बरभन्दा दुई नम्बरले बढी माया पाउँछ । पत्याउनुभएन ? एक नम्बर पत्नीभन्दा दुई नम्बर पत्नीले बढी माया पाउँछिन् कि पाउँदिनन् ? एक नम्बर पतिभन्दा दुई नम्बर पतिले नैसर्गिकरूपमैं बढी प्रेम पाउँछन् । र अझ दुई नम्बर पति र दुई नम्बर पत्नी अर्थात् दुई नम्बरी दम्पती हुँदा दुवैमा हुने स्नेह के कुनै हंसजोडीमा हुन्छ होला र ?

तर पनि समग्रमा दुई नम्बरमा अन्याय भएको छ । दुई नम्बरमा भएको अन्याय यदि अन्याय होइन भने दुई नम्बर न्याय हो । दुई नम्बरले दुई नम्बर नै भए पनि न्याय पाउनुपर्छ ।

## के साँच्ची म राम्री छैन ?

-सृष्टिराय चौधरी

घरभरिको माया पायौ
प्यारी छोरी तिमी भयौ
मामु बा उसलाई जहिले स्याबासी दिने
अनि मलाई, अझै मिहिनेत गर भन्ने
यस्तो कठोर किन ?
के म साँच्ची राम्री छैन ?
गोरी तिमी, जीउडाल मिलेकी
सलक्क परेको हात पाखुरी
केटा साथी तिम्रै बढी
म काली, जीउ सुकेकी
मैले केटासँग बोल्न नहुने किन ?
के म साँच्ची राम्री छैन ?
आ बुझ्छु, स्वर मीठो पायौ
सजिलै सबै कुरा हातमैं पायौ
काम गर्ने मैले, स्याबासी पाउने तिमी
जिम्मेवारीले सुकेकी म, हरियाली तिमी
मेरो अस्तित्व नै नभए जस्तो
यस्तो किन ?
के म साँच्ची राम्री छैन ?
परिवार सघाउने म,
जिम्मेवारी बोक्ने म,
जीवन अँध्यारो मेरै
फेरि कान्छी भएको गुमान किन ?
म सुसम्पन्न नभएमा घृणा किन ?
के म साँच्ची राम्री छैन ?
ठूलो मानिस बन, घमण्ड त्याग
तिम्रो ज्ञान मलाई पनि बाँड
स्थितिले पछारिएकी म,
मलाई पनि माया गर, सहयोग गर
दिदीलाई यति पनि गर्न सक्दिनौ ?
के म साँच्ची राम्री छैन ?
हो ? के म साँच्ची राम्री छैन ?

# "राम गिलास" होइन मधेस प्रदेशको अस्तित्व सङ्कटमा


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


**माटोको गिलासमाथि प्लास्टिकजन्य गिलास हाबी भएपछि स्थानीय उत्पादन निरुत्साहित भयो । कुम्हालेको पुर्ख्यौली पेशा अहिले सङ्कटमा छ । मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव परिरहेको छ । पर्यावरणमाथि आघात पुगिरहेको छ ।**

एकजनाको छोरीको विवाह थियो । वैवाहिक लगनको बेला आवश्यक सामग्री अग्रिम बुकिङ नगरी हुन्न । त्यही मेसोमा आज उनी 'राम गिलास' अर्थात् माटोको गिलास बुकिङ गर्नको लागि पल्लो गाउँमा कुम्हालेको घरमा आएका रहेछन् ।

कुम्हालः केतना गिलास चाहिं (कतिवटा गिलास चाहियो) ?

क्रेताः दु सय दे दिह (दुई सयवटा दिनुहोला) ।

कुम्हालः दु सय में हो जाई ? दुनु तरफ के मिलाके लगभग केतना लोग होई ? (दुई सयवटाले पुग्छ ? दुवैतर्फबाट गरेर लगभग कतिजना मानिस हुन्छन्) ?

क्रेताः दुनु तरफ से मिलाके लगभग दु सय आदमी हो सकता (दुवैतर्फबाट मिलाएर झन्डै दुई सयजना मानिस हुन सक्छन्) ।

कुम्हालः (आश्चर्यचकित मुद्रामा क्रेताको अनुहार हेर्दै) हो भाइ, दु सय आदमी में दु सय गिलास से ना पुगी । बेंसी लेवे के परी (ओ भाइ दुई सयजना मानिसको लागि दुई सयवटा गिलासले पुग्दैन । बढी लिनुपर्छ) ।

क्रेताः तब केतना लेवे के परी हो, भैया ? हामरा ओतना पाता नइखे । तु हिं बताव जे केतना लागी (तब कति लिनुपर्छ हो, दाजु ? मलाई त्यति थाहा छैन । तपाईं नै बताउनुस्, कति लाग्छ) ?

कुम्हालः अगर दु सय आदमी बा त कम से कम पाँच सय गिलास लेवे के परी, बुझल (यदि दुई सय मानिस छन् भने कम्तीमा पनि पाँच सयवटा गिलास लिनुपर्छ, बुझ्यौं) ।

अन्ततः कुम्हालेको सल्लाह बमोजिम पाँच सयवटा माटोको गिलास बुकिङ गर्नुका साथै बैनाबट्टा दिने/लिने कार्य सम्पन्न भयो । त्यसपछि क्रेता खाना पकाउने कार्यका लागि हलुवाइको जोहोमा अन्यत्र प्रस्थान गरे । कुम्हाले यता गिलास बनाउने कार्यमा पुनः व्यस्त भए । तीन दशकअघिसम्म उपरोक्त संवाद खूब सुन्न पाइन्थ्यो । उहिलेको निर्विकल्प संसाधन बिस्तारै डिस्पोजेबल गिलासको ओतमुनि विलुप्त भइसकेको छ । पर्यावरण र स्वास्थ्यको चिन्ताभन्दा पनि विषादीयुक्त संसाधनलाई आज भरपर्दो साधन बनाइएको छ ।

### राम गिलास

माटोको भाँडोको इतिहास प्रागैतिहासिक हो । किनभने मानवजीवनको उत्पत्तिपश्चात् जीवनयापनको क्रममा विविध वस्तुहरूको आवश्यकता महसूस हुँदै गयो । बिस्तारै मानवीय चेतनाको विकासक्रमसँगै संसाधनको उत्पादन र निर्माण हुँदै गयो । त्यति बेला जीवनयापनका संसाधन केवल प्राकृतिक उपलब्धतामा निहित थियो । उक्त उत्पादन प्रकृति तथा प्राणी दुवैका लागि उपयुक्त थियो । त्यही क्रममा पानी पिउने संसाधनको रूपमा माटोको गिलासको उत्पत्ति भयो । कुम्हाल जाति उक्त माटोको गिलासका उत्पत्तिकर्ता हुन् । प्राकृतिक स्रोत अर्थात् माटो र पानीको मिश्रणबाट निर्मित उक्त गिलासलाई मधेसमा 'राम गिलास' भन्ने प्रचलन स्थापित छ ।

एकपटक अतीतमा फर्कौं । उहिलेको भोजभतेरमा 'राम गिलास' अर्थात् माटोको गिलासमा पानी खाएको त्यो क्षण स्मरण गरौं । कुम्हालहरूले आफ्नो श्रम र पसिना खर्चेर माटोको गिलास निर्माण गर्दथे । उक्त कार्यले उनीहरूको जीविकोपार्जन त हुन्थ्यो नै, सामाजिक आवश्यकता पनि पूर्ति हुन्थ्यो । उहिले होस् वा अहिले विवाह, अष्टयाम, कथा, पूजालगायत विभिन्न धार्मिक वा सामाजिक उत्सवहरूमा पानी पिउनको लागि गिलास नभई नहुने संसाधन हो । यद्यपि उहिलेको उत्सवहरूमा माटोको गिलास निर्विकल्प संसाधन मात्र थिएन, प्रकृतिअनुकूल पनि थियो ।



आदर्शनगरमा माटोको गिलासमा चिया बेच्दै राजु । तस्वीरः लेखक

आज राम गिलास लोपोन्मुख भइसकेको छ । बदलिंदो परिवेशसँगै आजका पुस्तामध्ये प्रायःलाई राम गिलासबारे थाहा छैन । उहिले माटोको गिलास देहाती जनजीवनसँग जोडिएको थियो । आज आधुनिकताको तराजुमा मापन गरिंदैछ र स्वास्थ्यअनुकूल उपक्रमलाई पारम्परिक भन्दै बिस्तारै लोपोन्मुख बनाइयो । जुन परिवेशबाट राम गिलासको उत्पत्ति भयो, आज सो परिवेशमा पनि प्रयोगशून्य छ । यद्यपि उहिले पानी पिउने राम गिलासको आकार अहिले छोटो भइसकेको छ । सुखानुभूति के छ भने शहरका केही चियापसलहरूमा उक्त माटोको गिलास अहिले चियाको कपको रूपमा अस्तित्वमा छ । जगजाहेर छ, स्वाद र स्वास्थ्यको दृष्टिकोणले माटोको गिलास वा कप निर्विकल्प संसाधन हो ।

प्रकृतिमय आविष्कारलाई आधुनिकताको मानकमा जति मापन गर्छौं, त्यति नै स्वास्थ्यबर्धक संसाधन विलुप्त हुन्छ र हामी बिस्तारै प्रकृतिको सामीप्यताबाट अलग–थलग हुन्छौं । यो ध्रुवसत्य हो । आज राम गिलास अस्तित्वविहीन हुनुको मुख्य कारण यही हो । पानी खाने उक्त राम गिलास पुरानो पुस्ताका लागि नयाँ जानकारी होइन । यदि विगतमा फर्किने प्रयास गरियो भने उक्त परम्परागत जीवनशैलीको अनुभूतिले हृदय प्रफुल्लित नहुने कुरै छैन । उहिले वैवाहिक वा धार्मिक उत्वसहरूमा अन्य बन्दोबस्तीका सामग्रीसहित माटोको गिलास पनि अग्रिम बुकिङ गर्नुपर्थ्यो । वैवाहिक लगनको समयमा माटोको गिलासको माग ह्वात्तै बढ्थ्यो । धनी र गरीब सबैका लागि माटोको गिलास नै भरपर्दो थियो ।

### प्लास्टिकपछि डिस्पोजेबल गिलास

'बडी महकता इ गिलास, हम एसे पानी ना पिएम' अर्थात् 'बडो गन्हाइरहेको छ यो गिलास, म यो गिलासले पानी पिउँदिनँ' मानिसहरू भन्थे । दुई/तीन दशकअघि प्लास्टिकको गिलास पाइन्थ्यो । प्लास्टिकको गिलास रातो र हरियो आदि विभिन्न रङ्गमा पाइन्थ्यो । माटोको गिलासको विकल्पको रूपमा प्लास्टिकको गिलास प्रयोग हुन थाल्यो । तर नयाँ प्लास्टिकको गिलास एकपटक प्रयोग गरिसकेपछि पुनः प्रयोग गर्न घिन लाग्थ्यो । भोजभतेरमा एउटै गिलास विनाधोइपखाली धेरैपटक प्रयोग हुन्थ्यो । बाध्यतावश प्रयोग त हुन्थ्यो, तर अधिकांश मानिसले मन पराउँदैनथे । बरु प्लास्टिकको गिलासको सट्टा मानिसहरू राम गिलास मन पराउँथे ।

केही दशकदेखि डिस्पोजेबल गिलास उदीयमान छ । सहज र भरपर्दो संसाधनको नाममा स्वास्थ्यका लागि हानिकारक वस्तुको उत्पादन र प्रयोग दिन प्रतिदिन बढ्दो छ । वर्तमान परिप्रेक्ष्यमा पानी पिउने डिस्पोजेबल गिलासहरू थुप्रै आकार र प्रकारमा उपलब्ध छन् । डिस्पोजेबल गिलासहरू भरपर्दो र सुविधायुक्त भए तापनि अदृश्यरूपमा सोको प्रतिकूल प्रभाव हामी खेप्न बाध्य छौं । डिस्पोजेबल गिलास उत्पादनका निमित्त आवश्यक कच्चा पदार्थलगायतबाट सरकारले कर पाउँछ । उत्पादनकर्ताले आम्दानी गर्छ । आममानिस खरीद र प्रयोग गर्छन् । बिस्तारै अदृश्यरूपमा विभिन्न रोगको चपेटामा पर्छन् । रोग लागेपछि उपचारका लागि स्वास्थ्य संस्थामा धाउँछन् । स्वास्थ्य उपचारमा ठूलो धनराशि खर्च गर्न बाध्य हुन्छन् । रसायनयुक्त संसाधनको प्रयोग गरेकोले रोग लागेको हो भन्ने कुरा ठम्याउनु न सहज छ, न जानकारी प्राप्त गर्ने कसैलाई फुर्सत छ ।

विभिन्न शोधहरूका अनुसार प्लास्टिकजन्य गिलासमा तातो चिया, दूध वा पानी पिउनाले रसायनयुक्त केमिकल मानिसको पेटमा जान्छ, जसले झाडापखाला जस्ता रोग लाग्ने गर्दछ । यसले मानव अङ्गहरूमा प्रत्यक्ष प्रभाव पार्छ । डिस्पोजेबल वा प्लास्टिकमा मेट्रोसेमिन, बिस्फेनोल र बर्ड इथाइल डिओक्सिन नामक रसायनहरू हुन्छन् । जुन हरेक चुस्कीको साथ पेटमा जान्छ र आन्द्रामा जम्मा हुन्छ । क्यान्सर, मिर्गौलारोग, पाचन प्रणालीमा गडबडी हुनुका साथै गर्भवती महिलाहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्छ । हरेक दिन डिस्पोजेबल गिलासमा चिया खाने

(बाँकी चौथो पातामा)

# द्रोण पर्व–६६



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

दुर्योधनको मुखबाट त मैले कैंयनपल्ट सुनेको छु कि कर्ण बलवान् छन्, शूरवीर हुन्, बडो धनुर्धर हुन् र उनले परिश्रमलाई केही पनि ठान्दैनन् । उनको सहायता पाएपछि देउताहरूले पनि संग्राममा मलाई जित्न सक्दैनन्, पाण्डवहरूको त के नै कुरा ? जब उनै कर्णलाई भीमसेनको हातबाट परास्त युद्धभूमिबाट भाग्दै गरेको हेरेर दुर्योधनले के भने ? सञ्जय, भीमको सामु परेपछि त्यहाँ टिक्न सक्ने साहस कसले पो गर्न सक्दछ ? यमराजको घरबाट फर्की आउन सम्भव छ तर भीमको सामु परेपछि कोही पनि फर्केर आउन सक्दैन। जो मूर्ख मोहको वशीभूत भएर भीमको सामु जान्छ ऊ त मानौं फटचाङ्ग्रोझैं आगोमा खसिहाल्दछ । भीमसेनले पूर्ण सभामैं सम्पूर्ण कौरवको सामु मेरा पुत्रहरूलाई मार्ने प्रतिज्ञा गरेको थियो । त्यस प्रतिज्ञालाई सम्झेर कर्णाको पराजयलाई हेरी दुर्योधन र दुश्शासन त डरले भागि नै गएका होलान् । कर्णलाई रथहीन र भीमको हातबाट पराजित भएको हेरेर दुर्योधनलाई श्रीकृष्णाको अपमान गरेकोले पश्चत्ताप भएको होला ? युद्धमा भीमको हातमा परेर आफ्ना भाइहरूको वध भएको हेरेर उसलाई आफ्नो अपराधको लागि अवश्य नै बडो सन्ताप भएको होला । आफ्नो जीवनको रक्षा चाहने यस्तो कुन प्राणी होला, जो साक्षात् कालको समान उभिएको भीमको सामु जान हिम्मत गर्न सकोस् । मेरो त यस्तो निश्चय छ कि वनडढेलोको ज्वालामा परेर कोही बाँच्न सक्दछ तर भीमसेनको सामु गएपछि कोही पनि जीवित बाँच्न सक्दैन । त्यसैले सञ्जय, अब मेरा पुत्रहरूको जीवन सङ्कटमा नै छ।

सञ्जयले भने– कुरुराज, यस महाभय उपस्थित भएको बेला तपाईंले फिक्री गरिरहनुभएको छ तर यसमा कुनै सन्देह छैन कि संसारको यस भीषण संहारको मूल जड तपाईं नै हुनुहुन्छ । आफ्ना पुत्रहरूको कुरामा परेर तपाईंले नै यो महान् वैरको स्थापना गर्नुभएको छ। तपाईंसित धेरै कुरा भनिएको पनि छ तर मरणासन्न व्यक्तिले जसरी हितकारक औषधि ग्रहण गर्दैन, त्यसै प्रकार तपाईंले पनि कसैको कुनै कुरा सुन्नुभएन । राजन्, तपाईं स्वयम्ले यो दुर्जर कालकूट विषसेवन गर्नुभएको छ, त्यसैले अब तपाईंले नै यसको सम्पूर्ण फल भोग गर्नुहोस् ।

अस्तु, अब जुन प्रकारले अगाडि युद्ध भयो त्यसबारे म सुनाउँदैछु, कृपया



सुन्नुहोस् । कर्णलाई भीमसेनको हातबाट परास्त भएको हेरेर तपाईंका पाँच पुत्र दुर्मषण, दुस्सह, दुर्मद, दुर्धर र जयले सहन गर्न सकेनन् र ती जम्मै एकैसाथ भीमसेनमाथि जाइलागे । तिनीहरूले भीमसेनलाई चारैतिरबाट घेरा हाली आफ्नो बाणबाट सलहदलझैं सम्पूर्ण दिशालाई व्याप्त पार्न थाले । भीमसेनले उनीहरूलाई अकस्मात् आइरहेको हेरेर हाँस्दै स्वागत गरे । कर्णले तपाईंका पुत्रहरूलाई भीमसेनतिर गइरहेको हेरेर उनी पनि त्यहीं आइपुगे। अब कौरवहरूले भीमसेनलाई चारैतिरबाट घेरा हाली उनीमाथि बाण वर्षा गर्न थाले तर भीमसेनले पच्चीसवटा बाण हानेर उनीहरूका घोडा र सारथिसहित ती पाँचजना भाइलाई पनि यमलोकमा पुऱ्याइदिए। त्यति बेला हामीले भीमसेनको बडो नै अद्भुत पराक्रम हेऱ्यौं। एकातिर त उनले आफ्नो बाणबाट कर्णलाई रोकिराखेका थिए र अर्कोतिर तपाईंका पुत्रहरूको संहार गरिरहेका थिए ।

सञ्जयले भने– राजन्, प्रतापी कर्ण तपाईंका पुत्रहरूलाई मरिरहेको हेरेर बडो नै कुपित भए, उनलाई आफ्नो जीवन भार स्वरूप लाग्न थाल्यो। उनले हेर्दाहेर्दै तपाईंका पुत्रहरूलाई मारिदिए, यसबाट कर्ण आफूलाई अपराधीझैं ठान्न थाले । यत्तिकैमा कर्णलाई हेरेर कुपित भई भीमसेनले कर्णमाथि भयङ्कर बाण वर्षा गर्न थाले । अनि कर्ण मुस्काउँदै भीमसेनमाथि पहिले पाँच र पछि सत्तरीवटा बाण हानेर घाइते पारिदिए। यसको जवाफमा भीमसेनले अत्यन्त तीक्ष्ण बाणबाट कर्णको मर्मस्थललाई छेडेर एउटा भल्लबाट उनको धनुषलाई काटिदिए। यसबाट कर्ण अत्यन्त खिन्न भएर अर्को धनुष हातमा लिई भीमसेनमाथि बाणवर्षा गर्न थाले । यत्तिकैमा भीमसेनले उनको सारथि र घोडाहरूलाई पनि मारिदिएर धनुषलाई पनि टुक्राटुक्रा पारिदिए। अब महारथी रथबाट हाम्फालेर क्रोधित हुँदै हातमा एउटा अत्यन्त भयङ्कर गदा उचालेर भीमसेनमाथि हाने तर भीमसेनले सम्पूर्ण सेनाको सामु नै त्यस गदालाई आफ्नो बाणबाट रोकिदिए ।

अब कर्णले भीमसेनमाथि पच्चीसवटा बाण हाने, जसको जवाफमा भीमसेनले पनि नौवटा बाण हाने। ती बाणहरू कर्णको कवचलाई च्यातेर उनको दाहिने भुजालाई छेड्दै भुइँमा छिरे। यस प्रकार भीमसेनको बाणबाट निरन्तर आच्छादित भएर कर्ण फेरि युद्धबाट पछि हट्न थाले । यो हेरेर दुर्योधनले आफ्ना भाइहरूसित भने– हरे, चारैतिरबाट सावधान भएर कर्णतिर बढ । दाजुको कुरा सुनेर तपाईंका पुत्र चित्र, उपचित्र, चित्राक्ष, चारुवीर, शरासन, चित्रायुध र चित्रवर्मा बाणहरूको वर्षा गर्दै भीमसेनमाथि जाइलागे तर भीमसेनले उनीहरूलाई आइरहेको हेरेर उनीहरूलाई एक/एक वटा बाण हानेर नै उनीहरूलाई धराशयी पारिदिए। तपाईंका महारथी पुत्रहरूलाई यस प्रकारले मारिइरहेको हेरेर कर्णको नेत्रमा जल भरिएर आयो र उनलाई विदुरजीको कुराको सम्झना हुन थाल्यो तर अलिकबेरमैं उनी अर्को रथमा चढेर भीमसेनको सामु आइपुगेर उनीमाथि बाणवर्षा गर्न थाले। क्रमशः...

लघुकथा

# मुक्ति

- समीर पाखिन

भारत अधीनस्थ काश्मीरको सीमावर्ती एउटा गाउँ। जहाँ दिनहुँजसो दोहोरो गोलाबारी चल्ने गरेको छ । गाउँमा शलिना नामकी विधवाको काठको पुस्तैनी घर छ । केही वर्षअघि सासू–ससुरा दुवैको भेंडा चराउन जाँदा पाकिस्तानी सेनाको गोली लागेर मृत्यु भइसकेको छ भने लोग्ने याकुबले पनि दुई वर्षअघि भारतीय सेनासितको मुठभेडमा मृत्युवरण गरिसकेको छ ।

अहिले घरमा शलिना र आठ वर्षको छोरा सुलेमान मात्र छन्। शलिना आफ्नो छोरा पढेर सरकारी जागीरे भएको हेर्न चाहन्छे । यसैले ऊ छोराको पढाइको लागि त्यहाँबाट सुरक्षित स्थानमा बसाइँ सर्न चाहन्छे तर हप्ता दिन बिराएर आउने जेहादी मसुद उसको बाधक बनेको छ ।

झ्याप्प दाऱ्हीजुङ्गा पालेको, कम्मरसम्म ग्वाम्म छोप्ने ह्वारलाङ परेको कपडा लगाएको, काँधमा एके ४७ भिरेको, शिरमा बाऱ्ह हातको (फेटा जस्तो) कपडा बेरेको, आँखामा हिंसा र प्रतिशोधको भावना स्पष्ट देखिने मसुद आफ्नो उम्लेको यौन चाहना शान्त पार्न शलिनाको घरमा आउने गरेको छ। मसुदले सुलेमानलाई आफ्नो काँधको राइफल देखाउँदै भन्छ, "तँलाई पनि चाहियो यो ? पख् अब दुई/चार वर्ष।"

मसुदको यो कुरा सुनेर शलिनाको छाती सधैं चिरिन्थ्यो । आज पनि चिरियो। मसुदले दश वर्ष पुगेपछि सुलेमानलाई आफूसित जेहादी सङ्गठनमा सामेल गराउने बताउँदै आएको छ । आज पनि बन्द कोठा शलिनाको चित्कार क्रन्दनले गुञ्जियो। प्रतिकार गर्न सकिन शलिनाले ।

"ला, सुलेमान चकलेट किनेर खा," मसुदले सधैंझैं सुलेमानलाई पचासको एउटा नोट दियो र निमेषभरमैं बेपत्ता भयो ।

०००

शलिनाले भेंडीगोठ बेचिसकेकी छे। ऊ पुरानो थातथलो छाडेर अन्तै कतै सुरक्षित ठाउँमा जान चाहेकी छे। कतै मसुदले थाहा पाउने हो कि भन्ने डर छ उसलाई। उसले श्रीनगरसम्म पुग्न पैदल चार कोस हिंडेर बस चढ्नुपर्छ। आवश्यक सामान ठीक्क पारेर बसेकी शलिनालाई जुन कुराको डर थियो त्यही भयो । मसुद उसैगरी टुप्लुक्क आइपुग्यो। उही तेवर र अभीष्ट बोकेर ।

तर आज ढोकाभित्रबाट बन्द गरे पनि शलिनाको चित्कार क्रन्दन सुनिएन। बरु मसुद भने चित्कार, क्रन्दनका साथ छट्पटाउँदै ढोका फोरेर बाहिर आयो। उसको पाइजामा छिचोलेर ह्वालह्वाल्ती रगत बगिरहेको थियो । मसुद पीडाले छटपटाइरहेकै अवस्थामा शलिना छोरा डोऱ्याएर हावाको वेगमा घरबाट प्रस्थान गर्छे ।

## रामगिलास.....

बानीले थकान, हार्मोनमा असन्तुलन जस्ता समस्याहरू उत्पन्न हुन सक्छ। यतिमात्र होइन, यसमा रहेको केमिकलले मस्तिष्कलाई पनि धेरै असर गर्छ । विभिन्न वैज्ञानिक अनुसन्धानमा के भनिएको छ भने हरेक दिन डिस्पोजेबल कपमा चिया वा पानी पिउने बानीले क्यान्सर जस्तो घातक रोग निम्त्याउन सक्छ ।

**निष्कर्ष**

डिस्पोजेबल कप तथा गिलासहरू प्रयोग गर्न सजिलो छ । धुने/पखाल्ने समस्या नभएकोले डिस्पोजेबल गिलासमा चिया र पानी पिउने चलन ह्वात्तै बढेको छ । तर यसले रोग निम्त्याउन सक्छ भन्ने कुराप्रति न सरकार जिम्मेवार देखिन्छ, न जनता सचेत छ। डिस्पोजेबल गिलास प्रयोग गर्नु स्वास्थ्यको लागि हानिकारक हो भन्ने कुरा सरकारदेखि नागरिकसम्म सबैलाई थाहा छ। विविध शोधहरूका अनुसार डिस्पोजेबलहरूमा पोलीस्टायरिन हुन्छ, जसले मानव स्वास्थ्यलाई धेरै हदसम्म हानि पुऱ्याउँछ, जुन प्रयोगकर्तालाई थाहा पनि हुँदैन । मानव स्वास्थ्य तथा पर्यावरणमा आघात पुऱ्याउने थुप्रै कारणमध्ये प्लास्टिकजन्य संसाधन पनि एक कारण हो । पर्यावरणको सुरक्षाप्रति सभा, सेमिनार तथा गोष्ठी आदिमा प्रतिवर्ष सरकारको करौडौं रुपैयाँ खर्च हुन्छ तर परिणाम शून्य छ । जुन कुराप्रति बढी गम्भीर हुनुपर्ने हो, त्यसतर्फ कसैको ध्यान छैन। सरकार नागरिकको स्वास्थ्य समस्याप्रति जति गम्भीर भए तापनि स्वास्थ्य समस्याको कारक पक्षप्रति गम्भीर नहुने हो भने सरकारी स्वास्थ्य नीतिको कुनै अर्थ छैन ।

माटोको गिलासमाथि प्लास्टिकजन्य गिलास हाबी भएपछि स्थानीय उत्पादन निरुत्साहित भयो । कुम्हालेको पुर्ख्यौली पेशा अहिले सङ्कटमा छ । मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव परिरहेको छ। पर्यावरणमाथि आघात पुगिरहेको छ । तसर्थ सरकारी पक्ष जिम्मेवार भई माटोको गिलासलाई पुनर्जीवन दिनुपर्छ। स्थानीय पेशा, व्यवसाय तथा उत्पादनलाई प्रोत्साहित गर्नुपर्छ। राम गिलास होइन, मधेस प्रदेशको अस्तित्व सङ्कटमा छ । त्यस कारण प्रदेश तथा स्थानीय तहहरूको माटोको गिलासको प्रवर्धनमा महत्त्वपूर्ण भूमिका अपेक्षित छ । यसले स्थानीय पेशा, मानव स्थास्थ्य तथा पर्यावरणप्रति न्याय भएको ठहरिनेछ ।

# जोसमनि सम्प्रदायको परिचय

शोध



शीतल गिरी

**मूर्तिपूजाको विरोधी अथवा शब्दान्तरमा निर्गुणोपासक बौद्ध धर्मका सम्प्रदायहरू स्वयम् बुद्धलाई देवताको रूपमा पूजा गर्न थाले। यसको कारण पनि ब्राह्मणवाद नै थियो । भक्ति, स्तुति, देवदेवी र पूजा आदि सगुण उपासनामा रमाउने जनसाधारण ब्राह्मणवादतिर एकोहोरिएको देखेर बौद्धमार्गीहरूले पनि सगुण उपासनाको एक अलग पन्थ महायान नै खडा गरिदिए ।**

जोसमनि सन्त परम्पराका सम्बन्धमा प्रपन्नाचार्य (२०५९)का अनुसार कारणवश आफ्नै सम्प्रदायमा केही न केही उत्पात भएकै कारणले भुरेबाबा र शशिधर पौडी गढ्वाल आएपछि मुनि सम्प्रदायको स्थापना गरेको देखिन्छ । शशिधरमुनिले मुनि सम्प्रदाउको जरो छोडे भने नेपालमा आएर जोसमनि सम्प्रदाय स्थापना गरेको देखिन्छ। त्यसैले विष्णु स्वामीबाट मुनि सम्प्रदाय नैष्ठिक ब्रह्मचारी भएर स्थापना गरे भने गृहस्थ भएर जोसमनि सम्प्रदाय स्थापना गर्न समर्थ भए ।

साङ्ख्य दर्शनका बारेमा मोदनाथ प्रश्रित (२०६९) भन्छन्– वास्तवमा मूल साङ्ख्यको दार्शनिक चिन्तन र योगको व्यावहारिक विद्या तन्त्रवादबाटै विकसित भएका छन्। साङ्ख्यले तन्त्रवादमा मूल सिद्धान्तलाई प्रखररूपले दर्शनको रूपमा अभिव्यक्त गऱ्यो। प्रकृतिलाई प्रधान मान्ने सिद्धान्त साङ्ख्यले तन्त्रवादबाटै लिएको हो । मूल साङ्ख्य दर्शन भौतिकवादी छ। त्यसले सृष्टिको मूल कारण या प्रधान कारण प्रकृतिलाई मानेको छ । प्रकृतिबाट स्वभावतः भौतिक संसार, प्राणीहरू, तिनका इन्द्रिय, मन चेतना आदिको सिर्जना हुँदै जान्छ भन्ने त्यसको धारणा छ। त्यसले ईश्वर या ब्रह्मालाई सृष्टिको कारण मान्दैन । (प्रश्रित : २०६९)।

यसरी नै साङ्ख्य दर्शनको बारेमा वेदुराम भुसाल (२०६८) भन्छन्– साङ्ख्य दर्शन प्रकृतिलाई सृष्टिको मूल वा प्रधान कारण मान्ने दर्शन हो । यस दर्शनमा पछि आएर ईश्वरवाद थपिएको भए तापनि यसले मूलतः ईश्वरलाई सृष्टिकर्ता मान्दैन। यो पुरुष र प्रकृति नामक दुई तत्त्वको परम सत्तालाई स्वीकार गर्ने द्वैतवादी दर्शन हो । यसले प्रकृतिलाई कर्त्री र पुरुषलाई चेतना मानेको छ ।

सिद्ध/नाथ सम्प्रदायका सम्बन्धमा भूमिराज गौतम (२०७०)का अनुसार नाथ शब्दको चर्चा गर्दा वैदिक साहित्यसम्म पुग्नुपर्दछ। नाथ सम्प्रदायका प्रमुख गुरुहरू आदिनाथ, मत्स्यन्द्रनाथ, गोरखनाथ साक्षात् शिवका अवतार मानिन्छन् । उनले "नाथ सम्प्रदाय र सिद्ध रतननाथ– एक परिचय" शीर्षकको लेखमा विषय परिचय, नाथ शब्दको प्राचीनता, नाथ सम्प्रदाय आदि शीर्षकमा नाथ सम्प्रदायको परिचय दिंदै सिद्ध रतननाथको बारेमा साङ्गोपाङ्गो वर्णन गरेका छन् । उनका अनुसार नाथ सम्प्रदायमा रूढिवादी, जातपात, मूर्तिपूजा र बहुदेवतावादको स्थान छैन । किनभने नाथ सम्प्रदायले अन्तर साधना र ईश्वर उपासनामा जोड दिएको छ । नाथ सम्प्रदायले समाजमा निष्ठा, योग तथा आचरण शुद्ध पार्ने कार्यमा अतुलनीय योगदान दिएको छ भनी उनले नाथ सम्प्रदायको परिचय तथा चिन्तनका बारेमा चर्चा गरेका छन् ।

यसैगरी, धर्मेन्द्रनाथ भट्टराई (२०७०)ले "साङ्ख्य दर्शनमा प्रकृतिको स्वरूप, सृष्टि प्रक्रिया र तरुण तपसीमा त्यसको प्रभाव" शीर्षकको लेखमा साङ्ख्य दर्शनबारेमा चर्चा गरेका छन् । उनले साङ्ख्य दर्शनको पृष्ठभूमि, साङ्ख्यका तत्त्वहरू, सत्मार्गवाद, परिणामवाद, प्रकृतिको स्वरूप, गुणहरूको स्वरूप, पुरुषको स्वरूप, सृष्टि प्रक्रिया जस्ता विभिन्न शीर्षकमा साङ्ख्य दर्शनलाई चिनाउने प्रयास गरेका छन् । उनले साङ्ख्य दर्शनले परोक्ष ईश्वर ब्रह्मा, परमात्मा आदि तत्त्वको चर्चा गर्नुभन्दा प्रत्येक जीवधारीमा अन्तर्निहित अनेक पुरुष (जीवात्मा)लाई नै आफ्नो अध्ययन विश्लेषणको विषय बनाएको र प्रकृतिलाई नै सम्पूर्ण जगत्को सृष्टिकर्ता मानेकोले यो दर्शनले आध्यात्मिकताका साथ भौतिकजगत्लाई पनि समेटेको छ भन्ने ठम्याइ छ ।

यसरी विभिन्न समयमा विभिन्न लेखक, अनुसन्धाताहरूले साङ्ख्य दर्शन, सिद्धनाथ सम्प्रदाय, जोसमनि सन्त परम्परा, सत्यहाङ्मा पन्थ आदिका विषयमा चर्चा गर्दै आएका छन्। यद्यपि तिनीहरूबीच एकअर्कामा परेको प्रभाव र साङ्ख्य दर्शनदेखि सत्यहाङ्मा पन्थसम्मको विगतदेखि वर्तमानसम्मको अवलोकन भने हालसम्म भएको देखिंदैन। त्यसैले पनि यस प्रकारको अध्ययन अनुसन्धानको आवश्यकता टड्कारो देखिन्छ । नेपाल प्राचीन समयदेखि नै बहुल जाति, बहुल संस्कृति, धर्म र दर्शनमा आधारित मुलुक भएकोले यहाँ बसोबास गर्ने विभिन्न जाति, वर्ग र समुदाय एकअर्काका धर्म, संस्कृतिबाट प्रभावित बन्दै आएका छन्। त्यसैले यस प्रकारको अध्ययन–अनुसन्धानबाट उनीहरूमा आपसी एकता, सद्भाव तथा दिगो पारम्परिक सम्बन्ध स्थापित गराउनका लागि पनि महत्त्वपूर्ण योगदान पुग्दछ ।

प्रचलित धार्मिक विश्वासहरूमा जब रूढि र अनैतिक विश्वासहरूले प्रवेश पाउँछन्, तब ती प्राचीन धार्मिक विश्वासहरू जनताको जीवनको उपयोगी हुन छाड्छन् । धर्म भनेको समाज सञ्चालन गर्ने एक व्यावहारिक पद्धति हो । कुनै पनि धार्मिक मत प्रवर्तनको उद्देश्य यही हो । कालान्तरमा धर्मको व्यावहारिक रूप वा पक्ष लुप्त हुँदै जान्छ र जनतामा त्यस धर्मप्रति अन्धविश्वास पैदा हुन जान्छ । अन्धविश्वासहरूले न ऐहिक, न पारलौकिक साध्यको निमित्त सहायता गर्दछन् । फलतः तत्तत् सम्प्रदायमा भएका जीवनोपयोगी तत्त्व समाप्त हुन्छ। समाजमा भएका कुरीतिहरू र सङ्गठनको अभावमा समाजमा हुन आएका कमजोरीहरूलाई सन्तहरू केलाएर हेर्दछन् । केवल आफ्नो आत्मशुद्धिको निमित्त अथवा पारलौकिक साध्यका लागि कन्दरामा तपस्या गर्ने सन्तहरू र मत–प्रवर्तन गर्ने सन्तहरूमा ठूलो अन्तर छ। जनजीवनसित प्रयोजन नराखी आफ्नै साध्यका लागि जपतप गर्ने सन्त वा सिद्धको अस्तित्व अब छैन। हरेक मतले जीवनलाई संयममा राख्ने उपदेश दिन्छ तर आचार गर्नेहरू त्यसलाई पालन गर्न सक्तैनन्। फलतः त्यस्ता मतका मूल अभिप्राय त्यहीं हराउँछन् र अवान्तर पक्षमा रङ्गमगिन थाल्छ र बिस्तारै–बिस्तारै जनतालाई जीवन दिने खालको ओज त्यसमा रहँदैन । समाज अरू दुष्प्रभावित हुन्छ र त्यस्तो स्थितिमा नयाँ मत लिएर पुनः सन्तहरूको प्रादुर्भाव हुन्छ। नयाँ मतका निम्ति ज्ञान, बुद्धि र आँटको पनि ठूलो आवश्यकता पर्दछ । यस्ता परिवर्तनका लागि एउटा दर्शन बोकेर आन्दोलनको रूपमा नयाँ मार्ग निर्माण गर्न सक्ने अगुवाको खाँचो हुने गर्दछ । समाजमा प्रचलित परम्परागत हिन्दू धर्ममा समयानुकूल परिमार्जन र परिवर्तनको रथ हाँक्न सक्ने एक धार्मिक योद्धाको उदय आवश्यक भइरहेको अवस्थामा पश्चिम नेपाल लुम्बिनी अञ्चलको अर्घाखाँची जिल्लामा जन्मनुभएका शशिधर स्वामीले यो कदम उठाउनुभयो ।

शशिधरले यो नयाँ धार्मिक मार्गको नाम "जोसमनि सम्प्रदाय" प्रचलनमा ल्याउनुभयो। अनेक रूढिवादी परम्पराले ग्रस्त धार्मिक प्रचलनमा नयाँ सुधारका प्रयत्नले समाजमा अनेक स्थानहरू र नेपालभरि नै जोसमनि ("जोसमुनि" बाट अपभ्रंश भएको) सम्प्रदायको प्रभाव बढ्यो। ज्ञानगुन, दर्शन र आचरणका आधारमा कुनै पनि जातजातिका व्यक्ति, गुरु वा चेला हुन सक्ने प्रावधानले यो जोसमनि धर्म लोकप्रिय हुन पुग्यो। अर्थात् यो भूखण्डमा भनी ल्याएको प्रचलनमा उच्च जात भनिएका ब्राह्मणदेखि पानी नचल्ने भनिएका कामी, दमाईसमेतले यो धर्ममा प्रवेश पाउने र समान स्थान लिन सक्ने पनि भयो । सोहीअनुरूप सबै जातजाति (उमेर, वर्ग र लिङ्ग)का व्यक्तिहरू गुरु, पुरोहित पनि हुन सक्ने अवस्था आयो ।

यो एउटा धार्मिक सुधार मात्र नभएर सामाजिक सुधारको एउटा आन्दोलन हो भनेर बुझ्न सकिन्छ । नेपाली माटोमा उम्रेर नेपाली समाजका सबै जातजातिमा फैलिएर रहेको यो धार्मिक सम्प्रदायको अध्ययन गर्नु आजको आवश्यकता हो। उत्तर वैदिककाल र ब्राह्मणकालमा यज्ञ–यज्ञादिको प्रचार अधिक थियो । यज्ञ–यज्ञादिले जन्माएका उग्र हिंसावादको विरोधमा जैन धर्मको प्रादुर्भाव भएको थियो। जैन धर्म हिंसाको त्यत्ति नै उग्र विरोधी र अति कठोर आचारयुक्त भएकोले ब्राह्मणवादको उग्रतालाई समाधान गर्न सकेन। यसै समयमा बौद्ध धर्मको प्रादुर्भाव भयो । यी दुई वादको बीचको मार्ग अपनाएकोले बौद्ध धर्मलाई मध्यम मार्ग भनिन्छ । ब्राह्मणवादबाट सताइएकालाई त्राण दिन प्रवर्त्तन गरिएको जैन धर्मका आचारमा पवित्रता भएर मात्र त्यसको महत्ता हुँदैन । धर्म समाज सुधारको निमित्त हो भने धर्मले देश, काल र परिस्थितिलाई बुझेर तदनुरूप आफूलाई बनाउनुपर्दछ । बौद्ध धर्मसित पनि कालान्तरमा देखिएका अनेक सम्प्रदाय र दर्शनले प्रवर्त्तनको मूल आशय समाप्त पार्ने व्यभिचार भयो ।

मूर्तिपूजाको विरोधी अथवा शब्दान्तरमा निर्गुणोपासक बौद्ध धर्मका सम्प्रदायहरू स्वयम् बुद्धलाई देवताको रूपमा पूजा गर्न थाले । यसको कारण पनि ब्राह्मणवाद नै थियो। भक्ति, स्तुति, देवदेवी र पूजा आदि सगुण उपासनामा रमाउने जनसाधारण ब्राह्मणवादतिर एकोहोरिएको देखेर बौद्धमार्गीहरूले पनि सगुण उपासनाको एक अलग पन्थ महायान नै खडा गरिदिए । क्रमशः

## जीवनप्रति

- जायफरदिन हवारी

अरे जीवनबाट निराश योद्धा सुन
सडकमा भटकिरहेका बेरोजगार सुन
अँध्यारोबाट निस्किन केही कर्म गर
आफ्नो स्थितिलाई हेरेर केही श्रम गर
कहिलेसम्म दोष दिन्छौ सरकारलाई
किन बिर्सिन्छौ यो संसारको तिरस्कारलाई
आफ्नो दुर्भाग्यबाट निस्किन परिश्रम गर
आफ्नो अस्तित्वलाई बुझ्न प्रयत्न गर
आमालाई धेरै आशा थियो तिमी जन्मिदा
बुबाले देखेका थिए लाखौं सपना
उनीहरूको सपनालाई आफ्नो आँखामा स्थान देऊ
सम्हालिन्छ तिम्रो खुट्टा पनि पहिले टेक्ने अलि सतह देऊ
जन्मनु र मर्नु नियति हो संसारको
सोच्नु के छ कारण तिम्रो अवतारको
माटो हुन्छ सुन पहिला स्पर्श त गर
हेरिरहेछ सफलता तिम्रो बाटो पहिले सङ्घर्ष गर

-बिएड प्रथम वर्ष, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज

# अन्तर्राष्ट्रिय समाचार

## नेटोले युक्रेनमा सेना नपठाउने

ब्रसेल्स, १३ फागुन/सिन्ह्वा

उत्तर एटलान्टिक सन्धी सङ्गठन (नेटो)ले युक्रेनभित्र सेना नपठाउने भएको छ। सो कुराको जानकारी नेटोका महासचिवले बिहीवार दिएका हुन्। उनले दिएको जानकारी अनुसार नेटोले आफ्ना सेनाहरू स्वतन्त्रताको खोजी गरिरहेका युक्रेनका पूर्वी भूभागका दुई शहरमा पठाउन सक्ने तर युक्रेनभित्र नै सेना नपठाउने निर्णय गरेको हो।

बिहीवार बसेको नेटोको आपत्कालीन बैठकमा सो निर्णय भएको नेटोका महासचिव जेन्स स्टोल्टबर्गले जानकारी दिएका हुन्। उनले यस विषयमा छलफल भएको र अहिले नै नेटोले युक्रेनमा रहनेगरी सेना नपठाउने विषयमा निर्णय भएको जानकारी दिएको समाचारमा जनाइएको छ।

साथै सो बैठकले रूसलाई युक्रेनमाथिको आक्रमण तुरुन्त रोक्न र रूसी सेना फिर्ता गर्न पनि आग्रह गरेको छ। सो बैठकपछि भनिएको छ– हामीले रूसलाई युक्रेनमाथिको सैन्य हमला तत्कालै रोक्न भनेका छौं र यसरी सैनिक आक्रमणबाट नभएर कूटनीतिक माध्यमबाट यसको समाधानका लागि तयार हुन हामीले भनेका छौं।

रूसले बिहीवारदेखि युक्रेनमा सैन्य हमला गरिरहेको छ। युक्रेनका कैयौं शहरमा रूसी सेनाले हवाई हमला गरिरहेको बताइएको छ।



युक्रेनी शहर मारिउपोलस्थित फलाम कारखानामा रूसी लडाकू विमानको हमलापछि उठेको धूवाँ। तस्वीरः एपी

### युक्रेनमा आक्रमणपछि अमेरिकाद्वारा रूसमा थप प्रतिबन्धको घोषणा

वाशिङ्टन/सिन्ह्वा

रूसले बिहीवार युक्रेनमा हमला गरेपछि अमेरिकाले रूसमाथि थप प्रतिबन्धहरूको घोषणा गरेको बताइएको छ। यस नयाँ प्रतिबन्धको घोषणा अमेरिकी राष्ट्रपति जो बाइडेनले गरेका हुन्। उनले बिहीवार ह्वाइट हाउसमा सो नयाँ प्रतिबन्धहरूको घोषणा गरेको समाचारमा जनाइएको छ।

रूसले गर्न सक्ने सूचना प्रविधिको अद्यावधिक विकास रोक्न मिल्ने गरी र डलर आयातमा समेत प्रतिबन्ध लगाउने गरी नयाँ नाकाबन्दीको घोषणा गरेका हुन्। रूसले युक्रेनमाथि आक्रमण गरिरहँदा त्यसको विरोधमा रूसमैं पनि हजारौं नागरिक सडकमा ओर्लिएको त्यहाँको एउटा स्वतन्त्र मानव अधिकार समूहले जनाएको छ।

रूसले केही महीनाको प्रयासपछि बिहीवार युक्रेनमा हमला गरेको थियो। सैन्य हमलामा परी युक्रेनको राजधानीलगायतका शहरमा केही नागरिकको ज्यान पनि गएको छ। सो हमलापछि राजधानी मस्को, सेन्ट पिटर्सबर्गलगायत कैयौं मुख्य शहरमा प्रदर्शनहरू भए। ती प्रदर्शनमा परेर अहिलेसम्म एक हजार ७०० जनालाई पक्राउ गरिएको छ।

रूसले युक्रेनका विभिन्न क्षेत्रमा सैन्य आक्रमण गर्न थालेको शुक्रवार दोस्रो दिन हो। रूसले गरेको सो आक्रमणका विरुद्धमा रूसी राजधानीमा नै युद्धविरोधी नाराहरू लेखिएका प्लेकार्डसहित हजारौं मानिस सडकमा आएका थिए।

रूसी शहरमा मात्र नभएर विश्वका अन्य कैयौं शहरमा पनि युद्धको विरोधमा प्रदर्शन भएका छन्। ती प्रदर्शनहरूमा रूसले युक्रेनमा गरेको हमलाको विरोध गरिएको छ।

### चीन र रूसका विदेशमन्त्रीबीच फोनवार्ता

बेइजिङ/सिन्ह्वा

चीनका विदेशमन्त्री वाङ यी र रूसका विदेशमन्त्री सेर्गेई लाभरोभबीच फोनमा वार्ता भएको समाचारमा जनाइएको छ। उनीहरूका बीचमा बिहीवार फोनवार्ता भएको छ। बिहीवार नै रूसले युक्रेनमा सैन्य हमला थालेको थियो।

त्यसपछि बिहीवार राति उनीहरूका बीचमा फोनवार्ता भएको समाचारमा जनाइएको छ। सो फोनवार्ताका क्रममा रूसी विदेशमन्त्री लाभरोभले युक्रेनमा रूसले गरेको हमलाको बारेमा जानकारी गराएका थिए।

रूसले बिहीवारदेखि युक्रेनमा सैन्य हमला गरिरहेको छ। युक्रेनका कैयौं शहरमा रूसको सेनाले हवाई हमला गरिरहेको बताइएको छ। सो फोनवार्ता खासगरी युक्रेनमाथिको हमला र त्यसका कारण विश्वमा उत्पन्न भएको राजनीतिक तरङ्गका विषयमा केन्द्रित रहेको समाचारमा जनाइएको छ।

### युक्रेनका विदेशमन्त्रीद्वारा कीभमा रूसी रकेट आक्रमणको निन्दा

कीभ/एएफपी

युक्रेनका विदेशमन्त्री दिमिट्रो कुलेबाले शुक्रवार बिहान राजधानी कीभलाई हल्लाउने भयानक रकेट आक्रमणको निन्दा गरेका छन्। "भयानक रूसी रकेटले कीभमा आक्रमण गऱ्यो," कुलेबाले ट्वीट गर्दै भनेका छन्। "हाम्रो राजधानीलाई पछिल्लोपटक सन् १९४१ मा नाजी जर्मनीले आक्रमण गर्दा यस्तो अनुभव भएको थियो," उनले थप जानकारी दिए।

रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले छिमेकी मुलुक युक्रेनमाथि सैन्य आक्रमण शुरू गरिएको बिहीवार बिहान घोषणा गरेका थिए। टेलिभिजनबाट प्रत्यक्ष सम्बोधन गर्दै राष्ट्रपति पुटिनले युक्रेनको पूर्वी क्षेत्रमा आक्रमण केन्द्रित गरिएको र त्यो रूसको आत्मरक्षाका लागि भएको दाबी गरेका छन्।

आठ वर्षअघि १८ मार्च २०१४ मा युक्रेनको पूर्व–दक्षिण क्षेत्रमा अवस्थित सामरिक महत्त्वको क्राइमियालाई रूसमा गाभेको रूसले फेरि पूर्वी युक्रेनका डोनबास क्षेत्र, डोनेस्क, लुहान्स्कलाई केही दिनअघि स्वतन्त्र राज्य घोषणा गरेको थियो।

हाल डोनेस्क र लुहान्स्क क्षेत्रमा विद्रोही लडाकूको नियन्त्रण छ। यस क्षेत्रमा जारी द्वन्द्वमा १३ हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ।

### आइसिसी युक्रेन सङ्कटबाट चिन्तित

द हेग/एएफपी

रूसले पूर्ण मात्रामा आक्रमण गरेपछि युक्रेनमा भएका घटनाक्रमहरूप्रति आफू थप चिन्तित भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतका अभियोजक करिम खानले शुक्रवार बताएका छन्।

"मैले बढ्दो चिन्ताका साथ युक्रेन र वरपरका घटनाक्रमहरू नजीकबाट नियालेको छु," खानले एक विज्ञप्तिमार्फत बताए। "यो अत्यावश्यक छ कि द्वन्द्वका सबै पक्षले अन्तर्राष्ट्रिय मानवीय कानून अन्तर्गत आफ्नो दायित्वहरूको सम्मान गरोस्।"

"आइसिसीले आफ्नो क्षेत्राधिकारको प्रयोग गर्न र १४ फेब्रुअरी २०१४ पछि युक्रेनको क्षेत्रमा भएको नरसंहार, मानवताविरुद्धको अपराध वा युद्ध अपराधको कुनै पनि कार्यको अनुसन्धान गर्न सक्छ," उनले दुवै पक्षलाई चेतावनी दिए। रासस

## इन्डोनेशियामा ६.२ म्याग्निच्युडको भूकम्प, दुईजनाको मृत्यु

पादाङ, १३ फागुन/एएफपी

इन्डोनेशियामा शुक्रवार ६.२ म्याग्निच्युडको भूकम्प गएको छ। भूकम्पका कारण अहिलेसम्म कम्तीमा दुईजनाको मृत्यु भएको विवरण प्राप्त भएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन्।

उनीहरूका अनुसार अरू २० जना घाइते भएका छन् भने अरू क्षतिको विवरण आउन बाँकी नै रहेको छ। इन्डोनेशियाको सुमात्रालाई केन्द्रबिन्दु बनाएर आएको भूकम्पका कारण धेरै भौतिक संरचनामा क्षति पुगेको छ।

"म मेरो बच्चालाई हेरचाह गरेर बसिरहेको थिएँ, एक्कासि भूकम्प आयो, हामी सबैले के गर्ने भन्ने नै सोच्न सकेनौं, एकाएक भागिएछ," एक प्रत्यक्षदर्शीले भने।

भूकम्पपछि अहिले धेरै मानिस घरबाहिर बसेको र सबैजना त्रसित अवस्थामा रहेको पनि अधिकारीहरूले जानकारी दिएका छन्।

भूकम्पका कारण आँधीको सम्भावना भने नरहेको जनाइएको छ। भूकम्पले पारेको असरसम्बन्धी दृश्यहरू सञ्चारमाध्यम तथा सामाजिक सञ्जालहरूमा देखिएका छन्। इन्डोनेशियाको प्रकोप व्यवस्थापनसम्बन्धी निकायका प्रमुख अलिम बजारले घटनास्थलमा सुरक्षाकर्मी तथा उद्धारकर्ताहरू परिचालन गरिएको जानकारी दिए। रासस

## सबैको लागि पढाइ कार्यक्रम शुरू

प्रस, वीरगंज, १३ फागुन/

सखुवाप्रसौनी गाउँपालिका र सामाजिक संस्था जिल्ला समन्वय समिति (एनजिओसिसी)को संयुक्त आयोजनामा 'सबैको लागि पढाइ कार्यक्रम' शुक्रवारदेखि गापाका विभिन्न विद्यालयमा शुरू भएको छ।




तस्वीरः प्रतीक

कार्यक्रमको उद्घाटन गर्दै गापा अध्यक्ष प्रदीप जयसवालले विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये अपाङ्ग विद्यार्थीको छनोट गरी कुन विधिबाट पढाउने विषयमा नयाँ शिक्षा लागू भएको बताए। उनले सो गापामा रहेका २८ वटा विद्यालयमध्ये छवटा विद्यालयका विद्यार्थीहरूलाई तोकेको मापदण्ड अनुसार अपाङ्ग र सपाङ्ग छुट्याइ उनीहरूलाई सिकाइ विधिसहित आवश्यक उपचारको समेत व्यवस्था गापाले गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

गापाको वडा नं १ सिरही सथवल विद्यालयमा सञ्चालित कार्यक्रममा सहयोग हैप्पी क्याप इन्टरनेशनलले गरेको थियो। दातृ संस्थाको सहयोगमा दृष्टिविहीन विद्यार्थीलाई त्रिजुद्ध मावि, भिखमपुर मावि, सुस्तमनस्थितिलाई महुवन माविमा कार्यक्रम सञ्चालन गरिएको बताइएको छ। बालविकासदेखि कक्षा तीनसम्मका विद्यार्थीहरूबाट अपाङ्ग विद्यार्थी छनोट गर्ने कार्यक्रम छ।

कार्यक्रममा एनजिओसिसीका अध्यक्ष इब्राहिम देवान, गापाका प्रतिनिधि विनोद यादवलगायतको सहभागिता थियो।

## हरपतगंजमा निश्शुल्क आँखा शिविर



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १३ फागुन/

लायन्स क्लब अफ वीरगंज, हेटौंडा र काठमाडौंको संयुक्त आयोजनामा शुक्रवार वीरगंज महानगर–२० हरपतगंजमा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ।

हेटौंडास्थित तिलगङ्गा अस्पतालका प्राविधिकहरूको सहयोगमा आयोजित शिविरमा दुई सयजनाको आँखा परीक्षण गरिएको र त्यसमध्ये चालीसजनामा मोतीबिन्दु देखिएको लायन्स क्लब वीरगंजका सुमन श्रेष्ठले बताए।

मोतीबिन्दु देखिएका चालीसजनाको क्लबले निश्शुल्क शल्यक्रिया गर्ने उनले जानकारी गराए।

शिविर उद्घाटन समारोहमा वडाध्यक्ष पारस यादव, लायन्स क्लबका डिएन अग्रवाल, पशुपति विक्रम शाह, उषा शाह, गीता मैनाली, कल्पना शर्मालगायतको सहभागिता थियो।

## निधिको १०१औं जन्मजयन्ती



तस्वीरः प्रतीक


प्रस, वीरगंज, १३ फागुन/

वीरगंजमा स्व महेन्द्रनारायण निधिको जन्मजयन्ती मनाइएको छ। महेन्द्रनारायण स्मृति प्रतिष्ठान, पर्साले वीरगंज–९ पानगलीमा निधिको १०१औं जन्मजयन्ती मनाएको हो।

कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरकी उपप्रमुख शान्ति कार्कीले स्व निधि अहिंसात्मक आन्दोलनका पक्षधर भएको र उनले नेपालमा राजनीतिक परिवर्तनमा ठूलो योगदान पुऱ्याएको बताइन्।

स्व निधिको योगदानलाई नेपाली काङ्ग्रेसले कहिल्यै बिर्सिन नसक्ने उनले बताइन्। प्रतिष्ठानका अध्यक्ष जवाहरप्रसाद गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष डा हरेराम ठाकुरले स्व निधिको जीवनी र योगदानबारे चर्चा गरेका थिए। कार्यक्रममा विनीत शर्मा बराल, रामराज यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## होटल इच्छामा फूड फेस्टिबल, गजल साँझ




तस्वीरः सौजन्य

प्रस, जीतपुर, १३ फागुन/

जीतपुरसिमरा उपमहानगरपालिकाको केन्द्रमा रहेको इच्छा होटल प्रालिले फूड फेस्टिबल तथा गजल साँझ कार्यक्रम शुरू गरेको छ। होटलका प्रमुख इच्छाबहादुर वाग्लेले ग्राहकहरूको माग बमोजिम फूड फेस्टिबल तथा गजल साँझ कार्यक्रम शुरू गरिएको बताए।

फूड फेस्टिबल दिउँसो २ देखि राति ८ बजेसम्म र गजल साँझ ६:३० देखि राति १० बजेसम्म सञ्चालन हुने होटलका प्रबन्ध निर्देशक कौशलकुमार सिंहले बताए।

आगन्तुक पाहुनाहरूको माग बमोजिम भोजन तथा बासलगायतको व्यवस्था गरिएको होटलका प्रबन्धक रोशन रेग्मीले जानकारी गराएका छन्।


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं।
वीरगंज महानगरपालिका


### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यभय | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – शत्रुभय |
| सिंह – चोरभय | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – कान्तिक्षय |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A36FY1LCK81766, इन्जिन नं JLYCLK37555 भएको प्र. २–०३–००८प २७०३ नम्बरको बजाज कम्पनीको २०० NS सिसीको कालो रङ्गको पल्सर मोटरसाइकल २०७८/१०/२६ गते बिहान ८:१५ बजे वीरगंज महानगर–११ शुभतारा स्कूल नजीकै पार्किङ गरेको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो. नं. नम्बर ९८४५४५०५५० मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

**कृष्णदेव साह**
**बैरियाबिर्ता दापु–२, पर्सा**

# राजदेवी नगरपालिकाका प्रमुख सिंह गाईभैंसीपालनमा

प्रस, रौतहट, १३ फागुन/

राजदेवी नगरपालिकाका प्रमुख धीरेन्द्र सिंहले गाईभैंसीपालन गरी मासिक रु ७५ हजार आम्दानी गरिरहेका छन्।



नगरप्रमुख सिंहको फार्म। तस्वीरः प्रतीक

२०६६ सालदेखि ब्रह्मपुरीमा आकृति फार्म खोलेर गाईभैंसीपालन गर्दै आएको नगरप्रमुख सिंहले बताए। राजदेवी नगरपालिका–९ मा सञ्चालित गाईभैंसी फार्ममा चारजना वडावासीले रोजगार पाएको नगरप्रमुख सिंहले बताए।

पाँचवटा भैंसी र १८ वटा गाई फार्ममा रहेको उनले बताए। विगतमा इच्छाले गाईभैंसीपालन गर्दै आएकोमा अहिले व्यावसायिकरूपमा गाईभैंसीपालन गरिएको नगरप्रमुख सिंहले बताए।

अहिले गाउँमा किसानहरू गाईभैंसीपालन गर्न छाडेर वैदेशिक रोजगारमा कमाउन जाने लहर छ। जिल्लाका अधिकांश युवा वैदेशिक रोजगारमा गएको नगरप्रमुख सिंहले गुनासो गरे।

उनले आफ्नै गाउँमा मेहनत गरे राम्रो आम्दानी गर्न सक्ने बताए। गाईभैंसीको दूध मात्र होइन, गोबरबाट कम्पोस्ट मल बनाएर बेच्न सकिने उनले बताए।

# कोरोना सङ्क्रमण घटेपछि मास्क लगाउने पनि घट्दै

प्रस, वीरगंज, १३ फागुन/

पर्सा जिल्लामा कोरोनाको प्रकोप घटेपछि यससम्बन्धी सुरक्षाको मापदण्ड पनि कमजोर हुँदै गएको छ। कोरोनाकालमा मास्क अनिवार्य गरिएको थियो भने अहिले मास्क लगाउनेहरूको सङ्ख्या घट्दो छ।

जिल्ला विपद् व्यवस्थापन समितिले मास्क अनिवार्य गरेको र मास्क नलगाउनेलाई सय रुपैयाँ जरिवाना गर्दै आए पनि अहिले कोरोना कमजोर भएसँगै यो कार्य रोकिएको छ। सरकारी कार्यालयहरूमा मास्क नलगाउनेहरूलाई सेवाप्रवाह नगर्ने निर्णय अहिले जिल्ला प्रशासन कार्यालयबाहेक अन्य सरकारी कार्यालयहरूमा देखिएको छैन। जिल्ला प्रशासन कार्यालयमा मात्र कोभिडविरुद्ध खोप लिएकाहरूलाई प्रवेश गर्न दिइएको छ। अन्य कार्यालयहरूमा मास्कलाई अनिवार्य गरिएको छैन भने कार्ड हेर्ने कुरै भएन।

बजारमा पनि अहिले सवारीसाधन चलाउने, सार्वजनिक स्थलमा घुमफिर गर्नेहरूले मास्कको प्रयोग कम गर्न थालेका छन्। खोप केन्द्रहरूमा खोप लगाउन जानेहरूले भने अनिवार्यरूपमा मास्क लगाउँछन्, त्यसबाहेकका क्षेत्रमा मास्कको प्रयोग घटिरहेको छ। नारायणी अस्पतालमा सङ्क्रमित सङ्ख्या घटेको छ। दुई साताभन्दा बढी समयदेखि पिसिआर प्रयोगशालामा स्वाब अपुग भएर परीक्षण हुन सकेको छैन। अस्पतालका सूचना अधिकृत डा उदयनारायण सिंहले आवश्यक सङ्ख्याको आधा पनि स्वाब सङ्कलन नभएको कारण परीक्षण प्रभावित भएको बताए।

शङ्कराचार्यद्वारमा राखिएको अस्थायी स्वास्थ्य चौकीमा पनि सङ्क्रमित सङ्ख्या घट्दो छ। एन्टिजेन विधिबाट भारतबाट आउनेहरूको परीक्षण गर्दै आएकोमा पछिल्लो समयमा सङ्क्रमित सङ्ख्या घटेको हो। दुई साताअगाडि दैनिक चार/पाँच जना सङ्क्रमित पुष्टि हुने गरेकामा अहिले सो क्रम घटेको छ। सङ्क्रमित घटेसँगै भारतबाट नेपाल प्रवेश गर्नेहरूको परीक्षण कम हुने गरेको छ।

अहिले भारतबाट आउनेहरूको शङ्कास्पद स्थितिमा अथवा स्वेच्छाले परीक्षण गराउन चाहनेहरूको परीक्षण भइरहेको छ।

**भ्रष्टाचार अपराध हो, यसको अन्त्य गरौं।**

- कसैले नाजायज फाइदा लिनदिन खोजेमा,
- अनुचित दबाब सृजना गरी गैरकानूनी लाभ लिनेदिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिनदिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाइएमा, त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो।

त्यसैले,

त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खबर गरौं। भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## खोप किन्न दुई अर्ब १४ करोड ऋण

काठमाडौं, १३ फागुन/रासस

नेपाल सरकारले विश्व बैंकसँग रु दुई अर्ब १४ करोड बराबरको सहुलियतपूर्ण ऋण सम्झौता गरेको छ। शुक्रवार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा अर्थसचिव मधुकुमार मरासिनी र बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद–जर्भोसले सम्झौतामा हस्ताक्षर गरे।

उक्त ऋण कोभिड–१९ विरुद्धको खोप खरीदका लागि उपयोग गरिने अर्थ मन्त्रालयले जनाएको छ।

"कोभिड–१९ महामारीले सिर्जना गरेको निरन्तर बदलिंदो परिस्थितिमा समेत नेपालले प्रभावकारीरूपमा प्रतिकार्य जारी राखेको छ," हस्ताक्षर समारोहमा अर्थसचिव मरासिनीले भने। उनले नेपालले १२ वर्षभन्दामाथिका व्यक्तिलाई कोभिड–१९ विरुद्धको सुरुआती साथै 'बुस्टर' मात्रासमेत प्रदान गर्ने कार्यमा उल्लेखनीय उपलब्धि हासिल गरेको जानकारी दिए। राष्ट्रिय निर्देशक जर्भोसले विश्व बैंकबाट प्राप्त हुने ऋण सहायताबाट नेपालको ठूलो जनसङ्ख्यालाई खोप व्यवस्था गर्न पुग्ने विश्वास व्यक्त गरे। उनले कोरोना भाइरसका विभिन्न स्वरूपले अर्थतन्त्र तथा सामान्य जीवनयापनमा समस्या सिर्जना गरिरहेका बेला यस्ता वित्तीय सहायता महत्त्वपूर्ण हुने बताए।

# खेलकूदको संसार

## चैत २ गतेदेखि वीरगंज महिला गोल्डकप फूटबल

प्रस, वीरगंज, १३ फागुन/

वीरगंज युथ एकेडेमीको आयोजनामा चैत २ देखि ११ गतेसम्म वीरगंजमा पहिलोपटक वीरगंज महिला गोल्डकप फूटबल प्रतियोगिता हुने भएको छ।




तस्वीरः प्रतीक

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाकक्षमा पत्रकार सम्मेलन गरी एकेडेमीका सचिव तथा प्रतियोगिताका संयोजक ऋतु शाक्यले अभावका बावजूद पनि वीरगंजको मानसम्मान बढाउन महिला गोल्डकप फूटबल प्रतियोगिताको आयोजना गर्न लागेको बताए। रु १५ खर्च हुने अनुमान गरिएको प्रतियोगितामा भारतका दुई र नेपालका छ गरी आठवटा महिला टीमले भाग लिने जानकारी गराए।

प्रतियोगितामा बिहारको छपरा, नरकटियागंज र नेपालको वाग्मती युवा क्लब सर्लाही, सिद्धबाबा युवा क्लब अमलेखगंज, वाग्मती खेलकूद विकास समिति खप्परबारी, हेटौंडा युथ क्लब, निजगढ युवा क्लब, वीरगंज युथ एकेडेमी गरी आठवटा टीम सहभागी हुने पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

प्रथम हुने टीमलाई रु ३० हजार, दोस्रो हुनेलाई रु १५ हजार, शिल्ड, प्रमाणपत्रसहित पुरस्कृत गरिने संयोजक शाक्यले बताए। कार्यक्रममा मध्यमाञ्चल खेलकूद विकास समितिका पूर्वअध्यक्ष मानदेव हजरा, अन्तर्राष्ट्रिय फूटबल खेलाडी ललित थापा, दीपक तिवारी, ग्रीष्म शाक्यलगायतले मन्तव्य राखेका थिए।

## महिला क्रिकेट : एपिएफको लगातार तेस्रो जीत

काठमाडौं, १३ फागुन/रासस

ललितपुर मेयर महिला टी–ट्वान्टी च्याम्पियनशिपमा सशस्त्र प्रहरी बल (एपिएफ) विजयी भएको छ। एपिएफले ललितपुर मेयर्स–११ लाई पराजित गर्दै लगातार तेस्रो जीत निकालेको हो।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शुक्रवार भएको खेलमा एपिएफले ललितपुर मेयर्स–११ लाई सात विकेटले पराजित गरेको हो। यसअघि एपिएफले पहिलो खेलमा प्रदेश नं १ र दोस्रो खेलमा सुदूरपश्चिम प्रदेशलाई छ विकेटले पराजित गरेको थियो। लगातार तीन खेलमा पराजित भएको ललितपुर मेयर्स प्रतियोगिताबाट बाहिरिएको छ। यसअघि ललितपुर पहिलो खेलमा सुदूरपश्चिमसँग ५८ रनले र दोस्रो खेलमा लुम्बिनी प्रदेशसँग दुई रनअन्तरले पराजित भएको थियो।

आजको खेलमा ८१ रनको विजयी लक्ष्य एपिएफले १३ ओभरमा तीन विकेट गुमाएर पूरा गर्‍यो। एपिएफका लागि ज्योति पाण्डेले अर्धशतकीय पारी खेलिन्। उनले ४५ बल खेल्दै अविजित ५६ रन बनाइन्। यस्तै, रोमा थापाले अविजित ११ रनको योगदान दिइन्। बलिङतर्फ ललितपुर मेयर्सकी अनुराधा चौधरीले एक विकेट हात पारिन्।

त्यसअघि टस जितेर पहिले ब्याटिङ थालेको ललितपुर मेयर्सले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै ८० रनको योगफल बनायो। ललितपुर मेयर्सका लागि सुमन खतिवडाले सर्वाधिक ३० रन जोडिन्। आरती बिडारीले अविजित २१ रन बनाइन्। बलिङतर्फ एपिएफका लागि करुणा भण्डारी र सुमन विष्टले एक/एक विकेट लिए।

अहिले त्रिवि क्रिकेट मैदानमा प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशबीच अर्को खेल भइरहेको छ। प्रदेश १ ले टस जितेर ब्याटिङ गरिरहेको छ।

## ए डिभिजन लिग: जाउलाखेल र सङ्कटाको खेल बराबरीमा टुङ्गियो

काठमाडौं, १३ फागुन/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगिता अन्तर्गत शुक्रवार भएको जाउलाखेल युथ क्लब र सङ्कटा क्लबबीचको खेल बराबरीमा टुङ्गिएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको आफ्नो अन्तिम खेलमा जाउलाखेल र सङ्कटाले एक/एक गोलको बराबरी खेल्दै अङ्क बाँडेका छन्। जावलाखेलका लागि सुनील खड्काले गोल गर्दा सङ्कटाका लागि भने उत्तम राईले बराबरी गोल फर्काए।

खेलको १४औं मिनेटमा सुनील खड्काले गोल गर्दै जावलाखेललाई सुरुआती अग्रता दिलाएका हुन्। त्यस्तै, खेलको ६१औं मिनेटमा उत्तम राईले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए। सङ्कटाले लिगमा १३ खेलबाट तीन जीत, सात बराबरी र तीन हारसहित १६ अङ्क जोड्यो। यता जावलाखेलले १३ खेलबाट तीन जीत, पाँच बराबरी र पाँच हारसहित १४ अङ्क जोड्यो।

**श्री स्टार र ब्रिगेड ब्वाइजको बराबरी**

त्यसैगरी, सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको खेल मैदानमा आजै भएको अर्को खेलमा श्री स्टार क्लब र ब्रिगेड ब्वाइज क्लबबीचको खेल १–१ गोलको बराबरीमा सकिएको छ।

खेलमा पहिलो अग्रता भने ब्रिगेड ब्वाइजले लियो। खेलको ५६औं मिनेटमा प्रशान्त तामाङले गोल गर्दै ब्रिगेडलाई पहिलो अग्रता दिलाएका थिए। त्यस्तै, खेलको दोस्रो हाफको अतिरिक्त समयमा श्रीस्टारका डोना थापाले गोल गरेपछि खेल एक/एक गोलको बराबरीमा सकियो। यस बराबरीसँगै श्रीस्टारले १३ खेलमा १९ अङ्क जोडेको छ। ब्रिगेड ब्वाइजले १३ खेलमा आठ अङ्क जोड्यो। यस सिजनको लिगमा ब्रिगेड ब्वाइज रेलिगेशनमा परेको छ।

# सात थान सालको गोलिया बरामद



बरामद गोलिया लैजाँदै वनकर्मी। तस्वीरः प्रतीक



प्रस, पंचगावाँ, १३ फागुन/

वन र प्रहरीको संयुक्त टोलीले सखुवाप्रसौनी गाउँपालिकाका विभिन्न वडाबाट सात थान सालको गोलिया बरामद गरेको छ।

सबडिभिजन वन कार्यालय, रङ्गपुरटाँडीका सहायक वन अधिकृत कपिलदेव यादवको नेतृत्वमा इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामकाजी थापासहितको टोलीले वडा नं २ गुलरियाबाट चार थान र वडा नं ३ बाट तीन थान गरी सात थान सालको गोलिया बरामद गरिएको सहायक वन अधिकृत यादवले बताए।

बरामद गोलिया ३२ क्युफिट भएको र सबडिभिजन वन कार्यालय, रङ्गपुरमा राखिएको उनले जानकारी गराए।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | ब्रह्माकुमारी राजयोग | रक्तदान/नेत्र परीक्षण | छपकैया | ८ बजेदेखि |